# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक संरचना एउटा प्रणाली हो, जुन समाजका विभिन्न इकाइहरुको माध्यमबाट सिर्जित भएको हुन्छ । समयको अन्नरालसँगै सामाजिक इकाइ वा सामाजिक तत्वहरुमा परिवर्तन आउन थाल्दछ जसले गर्दा समाजमा परापुर्वकालदेखि चलिआएका मूल्य र मान्यताहरुमा परिवर्तनका संकेतहरु देखा पर्न थाल्दछन् । समाज विकासकै क्रममा मानव समाज घुमन्ते शिकारी युगबाट पशुपालन तथा कृषियुगमा परिणत भएको हो (श्रेष्ठ र आचार्य, २०६७) । जातजाति, भाषा भाषि, विवाह, धर्म, संस्कृति, राजनीति यी सवै सामाजिक एवम सांस्कृतिक  संरचनाहरु हुन जुन समाज विकासको क्रममा परिस्कृत भएका र समाज चलाउनकै लागि सिर्जित भएका सामाजिक संस्थाहरु हुन्, जुन संस्थाहरु एवम यिनीहरुद्वारा संरचित मूल्य र मान्यताहरुमा बेलाबेलामा परिवर्तन आइरहन्छ ।

मानव जीवनको प्रारम्भिक युगमा मानिसहरु असंगठित रुपमा बसोवास गर्ने, जंगली कन्दमुल खाने र घुमन्ते जीवन विताउने अवस्थाबाट संगठित जीवन विताउने, खेति कृषि गर्ने, नयाँ प्रविधियुक्त हातहतियारको विकास गर्ने, असंगठित यौन सम्बन्धलाई निस्तेज गर्न वैवाहिक जीवनमा बाँधिने र स्थायी जीवनचर्याको लागि संगठित हुने प्रचलनको विकास भयो । जस्तै २००७ सालको क्रान्तिपश्चात नेपाली समाजको मूल्य र मान्यतामा विभिन्न परिवर्तनका खाकाहरुको प्रष्ट रुपमा देख्न सकिन्छ । धेरै पुराना मूल्य मान्यताहरुका सट्टामा नयाँ मूल्य मान्यता एवम सामाजिक नियमहरु विकसित भए । त्यसै गरी २०६२/०६३ को जनआन्दोलन पछि समाजमा एक प्रकारको सामाजिक परिवर्तनको तरंग नै स्थापित भएको आभास भएको छ । आजको युग विज्ञान र प्रविधिको युग हो । समाज विकासको क्रममा विकास भएका प्रविधि, तौर तरिका, मूल्य र मान्यताले समाजको परिवर्तनलाई अझ बढी टेवा दिएको छ । विज्ञान र प्रविधिको विकाससँगै नेपाली समाजमा पनि परिवर्तनका संकेतहरु देखा पर्न

थालेका छन् । सामाजिक व्यवहार तथा क्रियाकलापलाई संचारका साधनले निकै छिटो प्रभाव पार्ने गरेका छन् । यस्तो प्रभाव  समाजमा लेख, समाचार, टि.भी, इन्टरनेट, प्रकाशन आदिबाट अति छिटो पर्ने गरेको छ । आजको आधुनिक युगमा विकास भएका अत्याधुनिक प्रविधिहरु टेष्टट्युव बेबी, जीनको संरक्षरण,  बचावटको प्रविधि र हस्तान्तरणको प्रविधि, मानव अंगहरुको प्रत्यारोपण, मंगल ग्रहमा बसोवासको संभाव्यताको खोजी एवम् चन्द्रमामा  मानिसहरुको आवतजावत जस्ता विज्ञान र प्रविधिहरुले गर्दा मानिसहरुको सामाजिक जीवन एवम उनीहरुको पहिलेदेखि चलि आएको धर्म संकृति, रीतिरिवाज, मूल्य मान्यता, जीवनयापन एवम समूल सामाजिक जीवनपद्दतिमा पुराना धमिरालागेका सोचविचारलाई त्याग्दै नयाँ तर्कसंगत र वैज्ञानिक व्यवहार अँगाल्ने कार्यको सुरुवात भएको छ । मगर जाति पनि परापूर्वकालदेखि नेपालमा बसोवास गर्दै आएको एउटा सम्प्रदाय हो, जसका आफ्नै सामाजिक मूल्य र मान्यताहरु रहेका छन् । यो जाति पनि क्रमशः समाज विकासको क्रममा आफुलाई अछुतो राख्न सकेको छैन । पुराना सोच विकासहरुलाई बदल्दै नयाँ अभ्यासमा जोडिएको मगरजातिहरुमा पनि सामाजिक परिवर्तनका संकेतहरु देखा पर्न थालेका छन् ।

नेपाल सरकारले नेपालमा बस्ने १२५ जातजातिहरुको मान्यता दिएको छ त्यसमध्ये मगर जाति एक प्रमुख जाति हो । मगरहरु मंगोल मूलका  जनजाति मानिन्छन् ।  वि.सं. २०६८ सालकोजनगणना अनुसार मगर जाति नेपालको सबैभन्दा ठूलो जनजाति हो । जस अनुसार मगरको जनसंख्या १८,८७,७३३ रहेको छ  जुन कुल जनसंख्याको ७१ प्रतिशत हो (सि.वि.एस., २०६८) ।

मगरहरु मंगोलिन सम्प्रदायभित्र पर्ने एउटा जातीय समुदाय हो । यो समुदाय नेपालको लुम्विनी, राप्ती, धौलागिरी र गण्डकी अचलमा धेरै वर्ष पहिलेदेखि बसोबास गर्दै आएको पाइन्छ तर वर्तमानअवस्थामामगरहरु नेपालका सबै भूभागमा छरिएर बसोवास गर्ने गरेको पाइन्छ । समाज विकासको क्रमसँगसँगै आफ्नोजीवन चर्याको सुगमता र सुलभताको लागि यिनीहरु नेपालका चौध अञ्चल र सतहत्तरै जिल्लामा छरिएर रहेको पाइन्छ । खासगरी मगराँती भाषा मगरहरुको मातृभाषा भएपनि थोरै

मगरहरुले मात्रै आफ्नो मातृभाषा बोल्ने गर्दछन् । मगराँती भाषालाई दुई समुहमा विभाजन गरिएको छ । अठार मगराँति भाषा र बाह्र मगराँति भाषा  अठार मगराँति भाषा अन्तर्गत खाम भाषा र काइके भाषा अन्तर्गत पर्दछ । यो भाषा विशेष गरी गुल्मी, रोल्पा, सल्यान, पड्ठान, बागलुङ्ग, रुकुम, डोल्पा आदि जिल्लाहरुमा बसोबास गर्ने मगरहरुले बोल्ने गर्दछन् । त्यस्तै बाह्रम मगराँति भाषा बोलिने जिल्लाहरु पाल्पा, तनहुँ, स्याङ्गजा, चितवन, नवलपरासी, रामेछाप, सिन्धुली, उदयपुर, महोत्तरी, इलाम, पाँचथर, धनकुटा र सर्लाहिमा रहेका मगरहरुले बोल्ने गर्दछन् । यी दुवै भाषाहरु भोटबर्मेली भाषा अन्तर्गत पर्दछन् ।

भाषाका आधारमा मगरहरुलाई मुख्यतया दुई भागमा विभाजन गरिएको छ, अठार पन्थी र बाह्रा पन्थी । मगरहरु चाहे बाह्र पन्थी हुन या अठार पन्थी यिनीहरुमा जातीय समानता रहेको पाइन्छ, उच र नीच भन्ने जातीय संरचना भने रहेको पाइदैन । भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ४ मा बस्ने मगरसमुदायहरु बाह्रमगराँति मगरपरिवार भित्र रहेका छन् । विभिन्न कालखण्डमा विभिन्न स्थान र परिवेश पार गर्दै आएका यहाँका मगरहरु सामाजिक परिवर्तनको चपेटाबाट मुक्त हुन भने सकेका छैनन् । नेपालको राजधानीभित्र रहेका यी मगरहरु आधुनिक सामाजिक परिवेश र परिस्थितिसँग जुध्दै कतिपय आफ्ना सामाजिक मूल्यमान्यताहरु छाडेको पाइन्छ भने कतिपय नयाँ कुराहरु अन्य जातजातिको संगतबाट ग्रहण गरेको पाइन्छ । त्यसैले मगरहरुको सामाजिक अवस्थाको निरन्तरता र परिवर्तनलाई अध्ययन र अनुसन्धान गरी उनीहरुको मौलिक संस्कृतिको जगर्ने गर्ने सन्दर्भमा यो अध्ययन महत्वपूर्ण हुन सक्दछ ।

मगरहरुको शारीरिक विशेषतालाई हेर्दा मंगोलियन विशेषता भएका जाति समुदाय हुन् । धार्मिक हिसावले यिनीहरु बौद्धमार्गी भए पनि सुरुदेखि नै खस-ब्राम्हणहरुको सँगतले गर्दा हिन्दूधर्म मान्नेगरेको पाइन्छ । हिन्दुधर्म माने पनि यिनीहरुले खस-ब्राम्हणले भन्दा भिन्न शिकारी देवता, घर र बाहिरका देवीदेताहरु, बाजेबज्यै एवम पितृ पुजामा विश्वास राख्ने गरेको पाइन्छ । यिनीहरुले पूजाआजा गर्दा आफ्नै पद्दति अपनाउने गरेको पाइन्छ । प्रकृति पुजक भनेर चिनिने यी मगरजाति धामी

झाँक्रीमा बढी विश्वास गर्ने गर्दछन् तर हाल आएर नयाँ पुस्तामा भने यो क्रम निकै कम हुँदै गएको छ । यिनीहरुले पूजाआजा गनु परेमा धामी झाँक्रीको सहायता लिन्छन् जुन यिनीहरुको आफ्नै समुदायको हुन्छ । यिनीहरुले मगर भाषामा धामीलाई "दाङ्गर" र झाँक्रीलाई "रमा" भन्दछन् । मगरहरुको सामाजिक परम्परा पूरा गर्नकोलागि एउटा सामाजिक नेता हुन्थ्यो जसलाई "भुषाल" भनिन्थ्यो । पहिले ती भुषाल नै मगरहरुमा सवैभन्दा शक्तिशाली व्यक्ति मानिन्थे तर हाल आएर नेपाली समाजले सामाजिक कोल्टो फेरेको छ, पुराना सामाजिक संरचनाहरु क्रमशः विलिन हुने र सामाजिक आवश्यकतालाई चलाउनको लागि नयाँ संरचनाको निर्माण हुने क्रम जारी रहेको छ । मगरहरुको धार्मिक क्रियाकलापको संचालन, सामाजिक व्यवस्था र उत्पादन प्रणालीको सुदृढीकरण, स्रोत व्यवस्थापन, झगडा तथा विवाहरुको निर्क्योल, मनोरञ्जन र समुदायिक ऐक्यवद्धता जस्ताकार्यहरुलाई व्यवस्थित गर्न यिनीहरुको संस्था हुन्छ, जसलाई "भेजा" भनिन्छ । पंचायत कालसम्म क्रियाशिल रहेको यो संस्था प्रजातन्त्रको उदय पश्चात् क्रमश निस्कृय रहेको थियो भने हाल माओवादी जनयुद्धले उठाएको जातीय चेतनाका कारण फेरी अस्तित्वमा आएको जस्तो देखिएको छ तर यसको कार्यशैलीमा भने फरक पन देखिन्छ । पहिले सामाजिक कार्य गर्ने यो संस्था अहिले आएर राजनीतिक कार्यमा संलग्न रहेको आभास हुन थालेको छ । यसरी आएर समयको अन्तरालसँगै यी मगरहरुको सामाजिक परिवर्तन र निरन्तरताको कार्यव्यापार चलेको देखिन्छ ।

सोझा र मिलनसार प्रकृतिका यी मगरजाति असल र निष्ठाबान भएकै कारण परापूर्वकालदेखि नै यो देशको  विभिन्न तह र तप्कामा रहेर काम गरेको देखिन्छ । बहादुर जातीय स्वभाव रहेका कारण मगरहरु पृथ्वीनारयण शाहको पालादेखि सैनिक र निजामति सेवामा भर्ती भई हालसम्म पनि ब्रिटिस, भारतीय र नेपाली सेनामा रहेर वीरता र बहादुरी देखाउन सफल भएका छन् । पुस्तैनी पेशा परम्परागत कृषि र पशुपालन नै भए पनि बर्तमान अवस्थामा भने यिनीहरु उद्योगधन्दा, व्यापार व्यवसायतर्फ पनि आकर्षित भइरहेको पाइन्छ, जसले गर्दा यिनीहरुको सामाजिक एवम

साँस्कृतिक मूल्य र मान्यतामा केही निरन्तरता देखिए पनि परसंस्कृति अँगाल्ने क्रम बढदो रहेको छ ।

## १.२ समस्याको कथन

विभिन्न विद्वानहरुले मगरको बारेमा अध्ययन अनुसन्धान गर्दा धेरै जसो साँस्कृतिक पक्षलाई जोड दिएको पाइन्छ यिनीहरुको सामाजिक परिवर्तनलाई छाडेको पाइन्छ, जसले गर्दा यिनीहरुको साँस्कृतिक पक्ष अगाडि आए पनि सामाजिक परिवर्तनको अवस्था अगाडि आउन सकेको छैन । देशको खाका कोर्ने उषाकालदेखि हालसम्म देश भरि छरिएर रहेको यो जाति सामाजिक, आर्थिक र साँस्कृतिक रुपमा पछाडि नै परेको छ । आजको एक्काइसौं शताब्दीमा बढदै गएको परसंस्कृति ग्रहण, आधुनिकीकरणको प्रभाव, बसाइ सराइ, भुमण्डलीकरण, विश्व पूँजीवाद, शहरीकरण र अन्य धर्मसँगको सम्पर्कको कारणले यस जातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षमा असर पारेको छ । यिनी माथि उल्लेखित कुराहरुले गर्दा मगरजातिको सामाजिक अवस्थामा आएको परिवर्तनको बारेमा अध्ययन अनुसन्धान हुन जरुरी रहेको छ ।

सोझा, लगनशील, कर्मठ एवम इमान्दार मगरहरु जागिरको शिलसिलामा विदेशी सेना एवम रोजगारीको सिलसिलामा विदेशी भूमिमा जाने र त्यहाँको जीवनशैली एवम रहनसहन अँगाल्दै आफ्नो जीवनशैली एवम सामाजिक अवस्थालाई भुल्नु मगरहरुको सामाजिक परिवर्तनको एउटा महत्वपूर्ण समस्याको रुपमा उठान गरिएको छ । आजको विश्व भूमण्डिकीकरणको छत्रछाँयामा रुमल्लि रहेको छ । खेति र कृषिले आफ्नो जीवन यापन गर्न निकै नै कठिनाइ भएपछि पुर्ख्योली पेशा र थातथलोलाई त्याग्दै नयाँ ठाउँमा जाने, नयाँ सामाजिक संरचनामा घुलमिल हुने, अलिकति उनीहरुका र अलिकति आफ्ना सामाजिक मूल्य र मान्यताहरुलाई अँगाल्दै विकासे सामाजिक मूल्य मान्यताहरुको सिर्जना हुनुनै अर्को समस्या रहेको छ ।

जीवन यापनको क्रममा होस या आधुनिक शिक्षा हासिल गर्ने निहुमा होस् , आफ्नो पुर्ख्योली थात थलो र पेशालाई परित्याग गर्दै पढ्ने सिलसिलामा होस या कामको खोजीमा विदेश वा सहरी क्षेत्रमा आइ वसोवास गर्ने, शिक्षादिक्षा लिने र

व्यापार व्यवहारमा समाहित हुने आजको एक्काइसौं पूँजीवादी शताब्दीको प्रयाय नै बनेको छ, जसबाट यी मगरजातिहरु पनि अछुतो रहन सकेका छैनन्, जसले गर्दा यो जातिको पुर्ख्योली पेशामा संकट पर्दै गएको देखिन्छ भने आधुनिक शिक्षा लिएका युवायुवतिहरुले आफ्नो मौलिक संस्कृति, मूल्य र मान्यताहरुलाई चटक्कै विर्सने वा अँगाल्नै नचाहनै प्रवित्तिले लोक संस्कृतिका धनी मगरहरुको आफ्नो रितिरिवाज, विवाह, चाडपर्व, पूजाआजा, रहनसहन, धर्मसंस्कृति आदि पनि विस्तारै लोप हुने वा परिमार्जन हुने अवस्थामा रहेका छन् । यसै गरी सामाजिक रीतिथिति, धर्मसंस्कृतिहरु हराउँदै जानु मगरहरुको लागि मात्र नभएर सिंगो राष्ट्रको लागि नै यो एउटा समस्याको रुपमा उभिएको देखिन्छ भने अहिले आएको भूमण्डलीकरण वा ग्लोवल भिलेजको सन्दर्भसापेक्ष हुन धेरै समय लाग्ने देखिँदैन ।

प्राचीन कालदेखी नै यी मगरजाति भक्तपुरमा बसोवास गर्दै आइरहेको देखिन्छ । यस जिल्लामा बसोवास गर्ने मगरजातिहरुको लागि सरकारी तवरबाट यिनीहरुको सामाजिक मूल्य मान्यताको संरक्षण एवम् सम्बर्द्धन हेतु कुनै सरकारी वा गैर सरकारी संस्थाहरुको स्तरबाट कुनै पनि ठोस कार्यक्रमको तर्जुमा हुन नसक्नु एवम पूँजीवादी विश्व परिवेशमा मगरहरुले आफ्ना सामाजिक मूल्य मान्यताहरुलाई भुल्नु उनीहरुको बाध्यता बनेको छ । खस-ब्राम्हण सामाजिक मूल्य र मान्यताहरुको प्रभावमा परी आफ्नो सामाजिक, साँस्कृतिक र आर्थिक विशेषता भुल्न पुगेका मगरहरु हाल आएर पश्चिमा संस्कृति एवम धर्मपरिवर्तनको नाममा क्रिश्चियन धर्मप्रति अनुग्रिहित हुने र आफ्ना सामाजिक, सामाजिक एवम आर्थिक मूल्यमान्यताहरुलाई भुली पश्चिमी संस्कृतिको सरणमा जानुले उनीहरुको अस्तित्व माथि नै प्रश्न चिन्ह खडा गरेको पाइन्छ । यी र यस्तै समस्याहरुको अन्तरकुन्तरमा रहेर भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ४ छापमा बस्ने मगरहरुको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी अध्ययन निम्नलिखित प्रश्नहरुको वरिपरि रहेर खोज्ने प्रयास गरिएको छ ।

१. छाप गाउँका मगरहरुको सामाजिक अवस्था कस्तो रहेको छ ?

२. यिनीहरुको सामाजिक अवस्थामा के कस्तो परिवर्तनहरु भएका छन् ?

३. यिनीहरुमा सामाजिक परिवर्तन आउनुका कारणहरु के के हुन् ?

## १.३. अध्ययनको उद्देश्यहरु

उद्देश्य विनाको अध्ययनले अपेक्षित परिमाण प्राप्त गर्न नसक्ने हुनाले यसले पनि अध्ययनका निश्चित उद्देश्यहरु तय गरेको छ । प्राचिन समयदेखि नै नेपालमा विभिन्न जातजाति तथा भाषाभाषीहरु रहदै आएका छन् । यहाँ बसोवास गर्ने प्रत्येक जातजातिका आफ्नै प्रकारका विशेषता एंव सामाजिक रितीरिवाज तथा मूल्य मान्यताहरु छन् । त्यसैले यस अध्ययनमा शोधको प्रमुख उद्देश्य भक्तपुर जिल्लाको चांगुनारायण न.पा.४, छापमा बसोवास गदै आएका मगर जातिको सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गरी संक्षिप्त चिनारी गर्नु रहेको छ । तर पनि विशिष्ट रुपले हेर्दा यस अध्ययनका प्रमुख उद्देश्यहरु निम्न अनुसार रहने छन् ।

१) अध्ययन क्षेत्रका मगर जातिको सामाजिक अबस्थाको बारेमा प्रकाश पार्नु ।

२) मगर जातिको के कस्ता सामाजिक अवस्थामा परिवर्तन भएका छन् प्रकाश पार्नु ?

२) मगर जातिको सामाजिक परिवर्तनको कारणको बारेमा खोजी गर्नु ।

## १.४. अध्ययनको महत्व एवं सान्दर्भिकता

नेपाल एक बहुजातिय, बहुभाषिक, एंव बहुसांस्कृतिक सम्पदा सम्पन्न मुलुक हो । यसर्थ नेपालमा रहेका विभिन्न जातजातिहरुको अध्ययानविना नेपाली समाज र संस्कृतिको अध्ययन सम्भव छैन । त्यसैले जनजातिहरुको सामाजिक पक्षको अध्ययन एवम यिनीहरुबीचको सम्बन्धले वास्तविक समाजको प्रारुपलाई स्पष्टगर्न मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । मगरहरुले विभिन्न जातजातिहरुको बीचमा रहेर पनि आफ्नो सामाजिक परम्परा र संस्कृतिलाई दिएको निरन्तरतालाई अध्ययन गर्नुपर्ने आवस्यकता एकातिर छ भने अर्कोतिर समाजशास्त्रीय दृष्टिकोणबाट यी मगरहरु कतिसम्म परसंस्कृतिकरण भएका छन् ? भन्नेकुराको अध्ययन गर्नपनि उत्तिकै महत्वपूर्ण देखिन्छ । यस जनजातिले हिन्दु धर्मसंस्कृति भन्दा बेग्लै विवाह पद्धति, नातेदारी प्रथा, चाडपर्व रीतिरिवाज भएको तथा छुटै धार्मिक अस्तित्व रहेको विशिष्ट संस्कृतिक विशेषता भएको तथा भिन्नैखाले मुल्य, मान्यता, परम्परा

र विश्वाश वोकेको यस समुदायले यस नगरपालिकामा आफ्ना समाजिक मूल्यमान्यतालाई कसरि निरन्तरता दिएका छन् भन्ने कुरा उत्तिकै महत्वपूर्ण रहेको छ ।

समाजको अध्ययन/अनुसन्धान एक निरन्तर चलिरहने प्रकृया भएकाले गतिशिल समाजको अध्ययन अनुसन्धान गर्नु एक महत्वपूर्ण कार्य हो । कुनैपनि जाति समुदायको अध्ययनबाट त्यस समुदायको बारेमा विभिन्न तथ्यहरु पत्ता लाग्दछ । उनीहरुमा आएको परिवर्तन, परिवर्तनलाई ग्रहण गर्ने तरिका, उनीहरुका व्यावहारका साथै उनीहरुका समस्याहरुको वास्तविक तथ्यहरु पत्ता लगाउन अनुसन्धान विना सम्भव छैन । तसर्थ देशका विभिन्न भागमा छरिएर रहेका मगरहरुको अध्ययन अनुसन्धान गरि उनीहरुका संस्कृति संस्कारहरु तथा हाल उनीहरुको विद्यमान समस्याहरु पत्ता लगाई जनसमक्ष ल्याउनु यो अनुसन्धानको महत्वपुर्ण पक्ष रहेको छ ।


यसका साथै यस अध्ययनको सैद्धान्तिक र व्यावहारक महत्व पनि रहको छ । सैद्धान्तिक महत्व अर्न्तगत समाज विकासको क्रममा यस जातिको अध्ययनबाट प्राप्त हुने जानकारीले योजातिको उत्पती, नेपाल आगमनका साथै वर्तमानमा उनीहरुको सामाजिक सांस्कृतिक अवस्था आर्थिक शैक्षिक अवस्थाको समेत पत्ता लाग्दछ । यसका साथै यस जातिको परम्परा, चालचलन, मुल्यमान्यता रितिरिवाज, आदिमा भइरहेको परिवर्तन र परिवर्तनको दिशा, स्वाभाव एवं गतिको बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ । व्यावहारिक महत्व अर्न्तगत यस जातिको अध्ययन /अनुसन्धानबाट पत्ता लागेको तथ्यहरुको आधारमा निति निर्माण गर्ने तहहरुमा समस्याको विस्तृत जानकारी प्राप्त हुन सक्दछ । त्यस्ता किसिमका जाति वा स्थानमा कुनै कार्यक्रम लागु गर्ने, योजनाविद, सरकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रले कार्ययोजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्न सजिलो हुन्छ साथै समय, धन र शक्तिको वचत समेत हुन्छ ।

मगरहरु प्राचिन कालदेखि नै नेपालका विभिन्न भागका साथै यस भक्तपर जिल्लाको चागनारायण न.पा. ४, छापमा बसोबास गर्दै आएका जनजातिहरु हुन । वर्तमान अवस्थामा अन्य जाति वा समुदायहरुसंगको सम्बन्धका कारण उनीहरुको परापुर्वकाल देखिचल्दै आइरहेका मौलिक भेषभुषा भाषा, संस्कारहरुमा परिवर्तन भइरहेको छ । यस्को बारेमा अध्ययन गरी उनीहरुको मौलिक संस्कृतिलाई जगेर्ना गर्न सहयोग पुऱ्याउने आशा लिएको छु ।

## १.५. अवधारणागत रुपरेखा

समाज गतिशील छ । आजको सत्यकुरा भोलीको झुठो र आजको झुठो कुरा भोली सत्य साबित हुन सक्छ । समाज क्रमिक रुपमा विकसित हुदै आजको स्थितिमा आईपुगेको हो । समाजका कुनै एक घटनालाई हेर्ने दृष्टिकोण समयकाल अनुसार फरकफरक पनि हुन सक्दछ । नेपालमा बसोबास गर्ने मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाबारे विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुले विभिन्न लेख रचना, पुस्तक र पत्र पत्रिकाहरु प्रकाशित गरेका छन् जुन साहित्य समीक्षाका स्रोतहरु रहेका छन् ।

समाजको आर्थिक सामाजिक अवस्थालाई प्रभावपार्ने तत्वहरु निम्नानुसार छन् ।




समाज एक चलायमान चरहरुको सम्मिश्रण हो । भारतीय समाजशास्त्री एम. एन श्रीनिवासले प्रतिपादन गरेको संसकृतिकरण शब्दलाई नेपाली सन्दर्भमा सर्व प्रथम प्रयागराज शर्माले व्याख्यागरेको पाइन्छ । श्रीनिवासका अनुसार संस्कृतिकरण भनाले निम्न जातजाति वा अन्य समूहले उपल्ला जातजाति आदिको प्रचलन संसकार, विचार, जीवनशैली अवलम्बन गर्ने प्रक्रियालाई संस्कृति करण भनिन्छ (अर्याल, २०६५) । उक्त विचारलाई यदि समाजिक मूल्यमान्यतामा आउने परिवर्तन र विकासको आधारको रुपमा लिने हो भने पक्कै पनि आजको एक्काइसौं शताब्दीको मगर जातिको सामाजिक अवस्थामा आउने परिवर्तनका चरहरु क्रमशः संचार, राजनीति, स्वास्थ्य, रोजगारी, बसाइसराई, यातायात र शिक्षा मुख्य रुपमा अगाडि आउँछन् । यी चरहरु यस्ता स्वतन्त्र चरहरु हुन जसलेगर्दा मगरहरुका सामाजिक मूल्य मान्यताहरुमा परिवर्तन ल्याउनमा ठूलो सहयोग गरेको छ ।

## १.६. अध्ययनको सीमा

यो अध्ययन भक्तपुर जिल्लाको चांगुनारायण न.पा.–४, छापमा बसोबास गर्ने मगरहरुको अध्ययन भएकोले यो अध्ययनका आफ्नै सीमाहरु रहेका छन् । यो अध्ययनले देशका सम्पूर्ण मगरहरुको प्रतिनिधित्व भने गर्ने छैन किन भने समयको परिवर्तन सँगै विभिन्न समाज र समुदायसँगको हेलमेल, शिक्षा, स्वास्थ्य, बसाइसराइ, यातायात, राजनीतिक परिवर्तन एवम रोजगारी जस्ता सामाजिक परिवर्तनका चरहरुको कारणले गर्दा मगरहरु भए पनि सामाजिक मूल्य र मान्यताहरु फरक पर्न सक्नेछन् । यो सानो अध्ययनमा मगर जातिको सामाजिक अवस्थाको अध्ययनलाई मात्र जोड दिइएको छ । यसका लागि अपनाईने अनुसन्धान ढाँचा, व्याख्यात्मक र विश्लेषणात्मक पद्दतिमा आफ्नै किसिमका सीमितता रहेका छन् जसले गर्दा यो अध्ययनबाट प्राप्त हुने निश्कर्ष मगर जातिहरुको सामान्य जानकारीका लागि लाभदायी भएतापनि यसले समग्र मगर जातिको सामाजिक अवस्थाको प्रतिनिधित्व भने गर्न सक्ने छैन, जुन कुरालाई यस अध्ययनको सीमा भित्र राखिएको छ ।

# अध्याय दुई

# पूर्वअध्ययनको समीक्षा

यस अध्यायमा सैद्धान्तिक र व्यवहारिक पक्षबाट भएका अध्ययनहरुलाई समिक्षा गर्ने प्रयास गरिएको छ । सैद्धान्तिक पक्ष अर्न्तगत विभिन्न समाजशास्त्रीहरुले सामाजिक परिवर्तनका बारेमा प्रतिपादन गरेका कारणहरु शहरीकरण, भूमण्डलीकरण, आधुनिकीकरण पूँजीवादले समाजमा आउने सामाजिक परिवर्तन सम्बधि हेर्ने दृष्टिकोणलाई बिवेचना गरिएको छ भने पूर्व अध्ययनको समीक्षा अर्न्तगत नेपाल तथा अन्य ठाउँमा भएका जातीय अध्ययन अनुसन्धानहरुलाई विवेचना गर्ने प्रयास गरिएको छ ।

## २.१ सैद्धान्तिक समीक्षा

सामाजिक सम्बन्धहरुमा हुने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । यी परिवर्तनहरु आन्तरिक वा वाह्य किसिमले समाजमा घट्ने गर्दछन् । सामाजिक परिवर्तनलाई एक विश्वव्यापी वा सार्वभौमिक प्रक्रियाको रुपमा लिने गरिन्छ । परिवर्तन सँगसँगै सामाजिक सम्बन्धहरुमा हुने  परिवर्तन यो  समाज विकासको हरेक चरणमा पाइन्छ । सामाजिक पविर्तनशीलता विश्वको सवै समाजहरुमा हुने गर्दछ, तर यसको गति र परिवर्तनको तह भने समाज, सामाजिक मूल्य मान्यता, देश, काल र परिस्थिति अनुसार फरक फरक हुने गर्दछ ।

सामाजिक परिवर्तनलाई एक विश्वव्यापी वा सार्वभौमिक प्रक्रियाको रुपमा लिने गरिन्छ । परिवर्तनसँगसँगै सामाजिक सम्बन्धहरुमा, जातजातिहरुको रीतिरिवाज र चालचलनहरुमा पनि परिवर्तन परिवर्तन हुने गर्दछ । पृथ्वी नारायण साहले एकीकरण गर्दाको नेपाली समाज र अहिलेको नेपाली समाजमा पनि निकै परिवर्तन देखिन्छ । जसको श्रेय शहरी करणलाई लिन सकिन्छ । खेति र कृषि अवस्थामा रहेको नेपाली समाज अहिलेको एक्काइसौ शताब्दीमा आएर शहरी करणको कारण कृषि पेशाबाट टाढिँदै क्रमश व्यापार व्यवसाय, जागिर वा वैदेशिक रोजगरीहरुमा जाने क्रम बढ्दो छ । यसो हुनाको प्रमुख कारण शहरी करणलाई लिन सकिन्छ । सुगौली सन्धी पश्चात नेपाली युवाहरुलाई इष्टइण्डिया कम्पनीमा भर्ति खुलाए पश्चात नेपाली युवाहरु देशविदेशमा घुम्नपाउनु, विभिन्न आधुनिक उपकरण साथै त्यहाँ भए गरेका साधन स्रोत, सामाजिक मूल्यमान्यताहरु सिकेर नेपाल

फर्किसकेपछि सहरोन्मुख हुनु वा शहरमा हुने प्रकार्यहरु आफ्नो परिवार वा वासस्थानमा ल्याउनु नै शहरी करणको विजारोपण हो (विष्ट, २००८)

आजको युग भुमण्डलीकरणको युग हो जसलाई सम्भव बनाएको छ विज्ञान तथा सूचना प्रविधिले । आजको मानव सभ्यता सुचना तथा सञ्चार प्रविधि प्रवाहको युगमा प्रवेश गरिसकेको छ । सुचना तथा सञ्चार प्रविधिले वृहत रुपमा आमसञ्चारको क्षेत्रहरु ओगटी विश्वलाई एउटै गाउँको रुपमा परिवर्तन सकेको छ । जसको कारण यसले विविध सूचनाहरु आदान प्रदान, सञ्चय, उत्पादन, प्रयोग र ज्ञान तथा सूचना प्रवाह गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल बनेको छ । शिक्षा क्षेत्रमा यसको भूमिका व्यापक भइसकेको छ र आज सञ्चार प्रविधि शिक्षा विस्तारको साधनको रुपमा समेत स्थापित भइ व्यक्ति, समाज र राष्ट्र विकासको अग्र गति प्रदान गर्न एक शसक्त माध्यमको रुपमा स्थापित छ ।

सूचना व्यवस्थापनको सुरुवात सन १९५० को दशकबाट शुरु भएको पाइन्छ । सन १९६० को दशकमा कम्प्युटरको प्रयोगबाट सूचनालाई चाँडो र सही रुपमा प्रयोग गर्न सकिने महशुस गरी कम्प्युटरको प्रयोगमा जोड दिँदै आएको पाइन्छ । कम्प्युटर प्रविधीको विकाससँगै सूचना व्यवस्थापन प्रणालीमा नयाँ नयाँ प्रयोग हुँदै सूचना तथा सञ्चार व्यवस्थापनलाई सरल सहज र सुगम बनाउँदै ल्यायो । सन १९४४ मा संयुक्त राज्य अमेरिकाको उप-राष्ट्रप्रति अलगोरले इन्टरनेट प्रविधिलाई विश्वमा खुला भएको घोषणा गरे जसका कारण आज Internet, intranet र e-mail तथा अन्य विभिन्न सुविधाहरु जुनसुकै देशले प्रयोग गर्न पाएका छन् । आज विश्वको एउटा कुनामा भएको घट्ना केही क्षणभरमै विश्वभरका जनताहरुले थाहा पाउन सक्दछन्, त्यसैले हालको युग भुमण्डलीकरणको युग हो । हाल यसैको फलस्वरुप Website, digital library, e-book, e-commerce, e-government, e-shopping, e-education, e-banking, e-banking, Tele-medicine आदि जस्ता सेवाहरु संचालन भइरहेका छन् । यसरी Telecommunication Technology (TCT) / Computer Technology (CT) को संयुक्त प्रविधीबाट आज सुचना प्रविधी (Information technology) संचालनमा रहेको छ (श्रेष्ठ र साथीहरु, २०६९) ।

सामाजिक परिवर्तनमा आधुनिकताले पनि निकै कार्यव्यापार गरेको हुन्छ अत: सामाजिक परिवर्तन र आधुनिकताबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । नेपाली समाज

अलौकिक शक्तिमा विश्वास गर्ने समाज हो जुन समाज हाल आएर क्रमशः परिवर्तन हुँदै गइरहेको छ । आधुनिकताको उद्‌भव र यसका विशेषताहरुबारे मतभिन्नताहरु धेरै पाएपनि आधुनिक विश्वदृष्टि अलौकिक र इश्वरकेन्द्रित नभई लौकिक र मानवकेन्द्रित भएको तथ्यप्रति भने प्रायः मतैक्य पाइन्छ । खासगरी आधुनिकता ले इश्वरीय उपस्थिति, अलौकिक शक्तिमाथिको विश्वास एवम भाग्यवाद जस्ता परम्परागत मान्यताहरुलाई त्याग्दै मानवको बौद्धिक एवम् तार्कि क्षमतालाई अध्ययन र विश्ले षणको विषयवस्तु बनाउँदछ (राई र तिमिल्सिना, २०७०) ।

लौकिकता र मानवकेन्द्रित विचारले प्रभावित आधुनिक विश्वदृष्टिलाई हेर्ने हो भने आधुनिकताका विभिन्न रुपहरुमध्ये पुँजीवादी आधुनिकता प्रमुख आधुनिकतामा पर्दछ जुन आधुनिकता यन्त्रमा निहिर रहेको छ । हाल विश्वमा चलि आएका अत्याधुनिक यन्त्रहरु जस्तै कम्प्युटर, ल्यापटप, फोनहरु पुँजीवादी व्यवस्थाका उपजहरुहुन जसले विश्वमा आधुनिकता वा विकासे पन जन्माइदिएको छ । अठारौ शताब्दी देखि विसौ शताब्दीसम्म युरोप र अमेरिकामा विकसित सोच जसलाई हामीले आधुनिकता भनेर बुझ्छौ हाल आएर मल्टिमेडियाको सहायताले पश्चिमी देशहरुको सीमा पार गरेर नेपाली समाजमा पनि आइपुगेको छ, (राई र तिमिल्सिना, २०७०) । जसले नेपाली समाजमा पनि सुस्त सुस्त परिवर्तनको आभार दिन थालेको छ । नेपालीहरुले अन्तत आफ्ना पुराना सोच विचार, चालचलन, रितिरिवाज, प्रयोग, खानपिन वा बोलिचालिमा पनि फरक पन ल्याउन वा भुल्न थालेका छन् त्यही नै सामाजिक परिवर्तन हो ।

राई र तिमिल्सिना (२०७०) ले परिवर्तन विनाको समाजको अकल्पनिय र असम्भव प्राःय हुन्छ भनेका छन् । समयको परिवर्तनसँगै समजमा विद्यमान सामाजिक सम्बन्ध र व्यवहारहरुमा पनि फेरबदल भइरहने साथै परिवर्तन प्रकृतिको एक नियम भएको हुनाले कुनै पनि समाज पविर्तनबाट टाढा रहन सक्दैन । यद्यपि विश्वको कुनै पनि समाज परिवर्तन उन्मुख हुन्छ । त्यसैले सार्वभौमिक प्रक्रियालाई सामाजिक परिवर्तनको एक विशेषताको रुपमा लिने गरिन्छ ।

समाजको परिवर्तनको कुरा गर्ने क्रममा Pitor Sztompka ले आफ्नो पुस्तक The Sociology of Social Change नामक पुस्तकमा समाज परिवर्तनको मुख्य कारक तत्व समयलाई दिएको छन् । समयको परिवर्तनसँगै सामाजिक सम्बन्धहरुमा, सामाजिक

क्रियाकलापहरुको ढाँचाहरुमा, सामजिक संस्थाहरुमा लगायत समाजिक संरचनाहरुमा हुने परिवर्तन वा फेरवदलको प्रकार्य हुन्छ । सामान्यतः कुनै पनि सामाजिक सम्बन्ध, सामाजिक संरचना, सामाजिक संगठन तथा सामाजिक कार्यहरुमा हुने परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ । जुन परिवर्तन समय सापेक्षिक हुने गर्दछ । अर्थात् प्रत्येक समाजको परिर्वनको मात्रा र तह एक नासको हुँदैन वा असमान हुने गर्दछ । परिवर्तनको गति समय अनुसार फरक फरक हुने गर्दछ । यसरी समय अनुसार व्यक्तिको पद तथा भूमिका संस्कृति र व्यवहार तथा क्रियाकलापहरुमा आउने परिवर्तनलाई सामाजिक परिवर्तनको रुपमा लिन सकिन्छ (Sztompka, 1993) ।

सामाजिक परिवर्तनको कुरा गर्ने क्रममा चैतन्य मिश्रले आजको आधुनिक युगको जग नै सामाजिक परिवर्तन रहेको जिकिर गर्नु भएको छ । उहाँका अनुसार सामाजिक परिवर्तन नै समाजशास्त्रको जग हो । परिवर्तन नहुँदो हो त समाजशास्त्रको आवश्यकता नै पर्दैनथ्यो । जे जे कारणले समजमा परिवर्तन ल्याउँछन् ती सबै कारण नै समाजशास्त्रका जननी हुन् (मिश्र, १९८७) ।

नेपाल विविध जात जातिहरुको बाहुल्यता भएको मुलुक हो । नेपालमा आर्य, मंगोल, आग्नेय र द्रविड जातिहरु रहेको छ (शर्मा, २०३९) तर सामान्यतया यी जनजातिहरुमा आर्य, मंगोल यी दुई मुल जातिबाट विभिन्न उपजातिहरु बनेका छन्, जसलाई सामाजिक परिवर्तनको रुपमा लिन सकिन्छ । समय परिवर्तन शिल छ । परिवर्तनशीलता संसारको जुनससुकै ठाउँमा पनि हुने गर्दछ । किनकि परिवर्तनशीलता प्रकृपितको नियम हो, शाश्वत सत्य हो । यही परिवर्तनशील समयको दौडानसँगै मान्छेका हरेक इच्छा, आकांक्षा, चाहना एवं क्रियाकलापहरु एकपछि अर्को हुँदै क्रमिक रुपले परिवर्तन भइरहेका हुन्छन् । वास्तवमा आजको यो वर्तमान समाज पनि यही परिवर्तन कै एक परिणाम वा उपज हो । परिवर्तनकै कारण हिजोको प्राचीन तथा सरल समाज आजको यो वर्तमानमा एक आधुनिक तथा जटिल समाजको रुपमा रुपान्तरण भएको पाइन्छ । यद्यपि समाज कुनै स्थिर प्रघटना वा व्यवस्था नभई यो एक गतिशील व्यवस्था हो (राई र तिमिल्सिना, २०७०) ।

समाज परिवर्तनशिल छ । परिवर्तन निरन्तर चलिरहने प्रकृया हो । परिवर्तनको माध्यमबाट नै एक अवस्थाको समाज अर्को अवस्थामा आइपुगेको हो । परिवर्नतको माध्यमबाट नै जंगली अवस्थाको समाज आजको आधुनिक प्रविधियुक्त समाजमा रुपान्तरण

भएको हो । त्यस्तै कार्लमाक्सका अनुसार दास युगबाट आजको पूँजीवादी युगसम्म आइपुग्नुको कारण पनि परिवर्तन नै हो । समाज निरनन्तर परिवर्तन उन्मुख हुन्छ, तर परिवर्तनको कारक तत्व एउटै मात्र हुँदैन (आचार्य, १९९७) । परिवर्तन हरेक वस्तुमा अन्र्तनिहित नियम हो । तापनि त्यसको गति सँगै समय, ठाउँ, समाजमा एकै नासको रहँदैन । कहि थोरै समयमा नै  धेरै परिवर्तन हुन्छ भने कतै धेरै समयमा थोरै परिवर्तन हुन्छ । मगर समुदायमा परिवर्तनको गति छिटोछिटो हुँदैछ । मगर समाजमा प्रचलित संस्कारहरु समाजको अभिन्न अंग रहेता पनि त्यसभित्रको आन्तरिक मूल्य मान्यता, व्यवहार, कार्यविधिमा भने आजभोलि धेरै परिवर्तन आउन थालेको छ ।

समाजमा प्रत्येक सदस्यका फरक-फरक चाहना हुन्छन् त्यस्ता कारक चाहनाको पूर्ति गर्न भिन्दा भिन्दै छनौट र रणनीतिको तय गर्ने गरिन्छ । ति चाहनाहरु नै सामाजिक छनौट अवस्थिति अनुसार भिन्दै प्रकृतिका हुने गर्दछन् । त्यस्तै मगर जातीको पनि धर्म, परम्परा, मूल्यमान्यता, संस्कार आफ्नै किसिमको छ । तर समय अनुसार यस्ता संस्थाहरु परिवर्तन र परिमार्जन हुँदै आएको पाइन्छ । मार्क्सवादीहरुका अनुसार त त्यस्ता सामाजिक चाहनाहरु उत्पादन सम्बन्ध अनुसार रहन्छन् । मार्क्सले त्यस्ता सामाजिक चाहना, मूल्य, मान्यता, धर्म, शिक्षा आदिलाई सुपर स्टक्टक्चर मानेका छन् । जुन पक्षहरु आर्थिक उत्पादको दिशाले निर्धारण गर्ने कुरामा जोड दिएका  छन् (मिश्र, २०६३) ।

नेपालको सामाजिक जिवनशैलीलाई अध्ययन गर्ने हो भने आर्य, मंगोल जातिको सामाजिक र संस्कृतिक पक्षको अध्ययन गर्नुपर्ने हुन्छ । धार्मिकरुपले हेर्ने हो भने हिन्दु र वौद्ध धर्मको उर्भर भूमिमा हिन्दुधर्मको प्रभाव बढी देखिन्छ । नेपालमा हिन्दुको जस्तो सनातन वैदिक परम्पराको धर्म, बुद्धको जस्तो शान्तिको प्रतिक र अहिंसाको पक्षपाति धर्म र काटमार प्रथा कायम भएको वोन परम्परा लगायत केहि प्रकृतिपुजक धर्म पनि रहेको कारणले गर्दा समाजमा संस्कृतिकरण र आत्मीकरणको प्रभाव देखिएको छ । हिन्दु वर्णश्रमबाट प्रभावित नेपाली समाजमा जनजातिहरुलाई नेपाल एकिकरणको समय लगत्तै यही वर्णाश्रमको सीमित घेराभित्र ल्याउने कार्य गरे । जसको फलस्वरुप नेपालका आदिवासि जनजातिहरु सवैलाई यात वैश्यको विल्ला भिराईयो या त शुद्रको । त्यही समयदेखि नेपालको जनजातिहरुको आफ्नो समृद्ध संस्कृतिको विकासमा तगारो लाग्यो । जुन नियतिको तगारोको चौघेरोमा आजसम्मपनि जनजातिहरु रुमल्लिएर रहेका छन् (तामाङ्ग, २०४९) ।

मगरको अध्ययन गर्ने क्रममा जनकलाल शर्मा लेख्नुहुन्छ, "मगरहरु नेपाल एकिकरण भन्दा अघि पश्चिम नेपाल बाह्र मगरात (राप्ती लुम्बिनी र भेरी अञ्चल) मा सीमित भएको र अफ्नो छुट्टै राज्य पनि भएको मगरहरु अहिले पश्चिमका सबै निकटवर्ती अञ्चलमा र पूर्व दक्षिण र उत्तरका क्षेत्रहरुमा पनि फैलिन गएका छन् । मगरहरु खस बाहुनको बढी प्रभाव परेका हुंदा यिनीहरुले खसहरु सरह हिन्दु देवी, देवतालाई पुज्ने र जन्मदेखि मृत्युसम्मका संस्कारलाई पछ्याउछन् । दशै, तिहारजस्ता चाडपर्व मनाउछन् । उनीहरुमा मामाचेली फुपुचेलामा बैवाहिक सम्बन्ध प्रचलित छ (शर्मा, २०३९) ।

मगरहरुकै सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा केशरजंग बराल मगर मगर समाज पितृसत्तात्मक भएपनि ब्राम्हण क्षेत्रीहरुको तुलनामा मगर परिवारमा महिलाहरु बढी स्वतन्त्र र अधिकार सम्पन्न हुन्छन् भन्ने कुराको जिकिर गर्नुहुन्छ । मगरहरुको मृत्यु संस्कारमा गाडने र जलाउने दुवै चलन उत्तिकै रहेको छ । जुठो तेह्र दिनसम्मै बार्ने चलन छ भने उनीहरुको घरहरु परम्परागत रुपमै ढुङ्गा र माटोले बनेको हुन्छ । मगरहरुले आफ्नो कुलदेवता मान्ने प्रचलन छ । प्रत्येक घरमा आफ्नो कुलदेवताको प्रतिस्थापन गरिएको हुन्छ जसलाई घरको सुरक्षित एउटा कुनामा प्रतिस्थापन गरिन्छ (बराल मगर, २०५०) ।

त्यसै गरी डोरबहादुर विष्टले आफ्नो "किताव सबैजातको फुलबारी" मा मगरहरु भोट बर्मेली परिवारको भाषा बोल्ने गरेको जिकिर गरेका छन् । यिनीहरुको मुख्य पेशा कृषि हो । कृषिको साथसाथै उनीहरु पशुपालन, काठको काम, ढुङ्गाको काम र भवन निर्माणजस्ता कामहरुमा संलग्न रही आएका छन् । मगरहरु पृथ्वीनारायण शाहको पालादेखि नै सैनिक सेवामा भर्ति हुने गरेको हुदा यिनीहरु ठूला संख्यामा गोर्खा सैनिकमा भर्ती हुने गर्दछन् (विष्ट २०३०) ।

हिच्चक जोनका अनुसार ईसाको नवौ शताब्दीमा युरालसबाट आएका मग्यार घोडचडीहरुको भाषाका शब्दहरुको उच्चारण र नेपालमा मगरहरुको भाषामा समानता भेटिएको कुराको जिकिर गरेका छन् । उनका अनुसार पच्चीस सय वर्ष अघिसम्म मगरहरु प्राकृतिक झांक्री धर्म मान्दथे । कालान्तरमा महानमावन बुद्धले आफ्नो अहिंसावादी, मानवताबादी विचार धर्मको रुपमा प्रचार गरेपछि मगरहरुले पनि बौद्ध संस्कार ग्रहण गर्न पुगे । एघारौं बाह्रौ शताब्दीतिर नेपालको पश्चिमी भू-भागबाट नेपाल फिरेका आर्य बाह्मणहरुको प्रभावमा परी हिन्दु संस्कृति अपनाउन थालेका हुन (हिच्चक, १९७६) ।

हिच्चकको भनाइलाई आत्मसात गर्दै हर्ष बहादुर बुढामगरले पनि नेपालका मगरहरु स्थानको आधारमा कोही धेरै त कोहि थोरै रुपमा भए पनि खस आर्य संस्कृतिबाट प्रभावित भएको कुराको उल्लेख गरेका छन् । मगरहरु अधिक मात्रामा हिन्दु धर्मबाट प्रभावित छन् । यिनीहरु तिब्बती बर्मेली परिवारका भाषा बोल्दछन र सोही भाष नै यिनीहरुको मातृभषा पनि हो । उनीहरुको मुख्य पेशा कृषि हो । कृषिमा गहुँ, जौ, कोदो र मकैको उत्पादन गर्दछन् तर हाल आएर यी मगरहरु आफ्नो भाषा, सामाजिक तथा संस्कृतिक मूल्यमान्यतालाई क्रमशः विर्सदै गएको र पर संस्कृति ग्रहण गरेको कुरा सबै मगरहरुले आफ्नो भाषा बोल्न एवम लेख्न नसक्नुले प्रष्ट पारेको छ (बुढामगर  २०४९) ।

मिन श्रीसमगरले आफ्नो पुस्तक “पश्चिमाञ्चल विकास क्षेत्रको मगर समुदायमा प्रचलित लोकगीत नृत्यको वर्तमान अवस्था र चुनौतीहरु” मा मगरहरुले मात्रै आर्यसंस्कृति नअँगालेर आर्यहरुले पनि मगर संस्कृतिलाई अँगालेको कुराको जिकिर गरेका छन् । उनका अनुसार गण्डकी नदीका प्रभाव क्षेत्रलाई गण्डकी प्रदेश तथा ऐतिहांसिक मगरात क्षेत्र पनि भन्ने गरिएको पाइन्छ । यसै क्षेत्रको राजनीति र संस्कृतिले नेपालको राष्ट्रिय राजनीति र संस्कृतिलाई मूलरुपमा प्रभावित पार्दै आइरहेको छ । ईसाको एघारौं र बाह्रौ शताब्दीतिर गण्डकी प्रदेशमा प्रवेश गरिएको मानिएको आप्रवासी आर्य संस्कृतिले स्थानीय समुदायसँग हेलमेल हुंदै राष्ट्रिय रुपमा विस्तारित हुने अवसर प्राप्त गर्नुका साथै यही प्रदेश अर्थात मगरातका आदिवासी मगरको मौलिक सांस्कृतिक परम्परामा आप्रवासी आर्य संस्कृतिको प्रभाव मात्र परेन मगर संस्कृतिको प्रभाव पनि आर्य समुदायमा पर्न गयो । (श्रीस मगर २०६६)

डोर बहादुर विष्ट मगरहरुको सामाजिक, साँस्कृतिक पक्षलाई विस्तृत रुपमा अध्ययन गर्दै यिनीहरु भोट बर्मेली भाषा परिवार अन्तरगतका जातिहरु हुन् । मगरहरुको मुख्य थलो बाह्र मगराँत (लुम्बिनी, राप्ती, भेरी) भएता पनि हालका वर्षहरुमा यिनीहरु नेपालको पुर्वदेखि पश्चिमसम्मका सम्पूर्ण जिल्लाहरुमा फैलिएका छन् । यिनीहरुको मुख्य पेशा कृषि हो । कृषिका साथसाथै यिनीहरु पशुपालन, काठको काम, ढुङ्गाको काम र भवन निर्माण जस्ता कामहरुमा समेत संलग्न रहि आएका  छन् । मगरहरु पृथ्वीनारायण शाहका पालादेखि नै सैनिक सेवामा भर्ती भएको हुदाँ यिनीहरु ठूलो संख्यामा गोर्खासैनीकमा लागेका देखिन्छन् । उत्तरतिरका मगरहरुमा बढी जसो केटी भगाएर लैजाने प्रथा कायम छ । उनीहरुले केटीको

घरमा सौगात पठाउदँछन् र स्विकार भएपछि विवाह पक्का मानिन्छ । मगरहरु हिन्दु मगरहरु र बुद्धिष्ट मगरहरु गरी दुई प्रकारका धर्म मान्दछन् । हिन्दु मगरहरु कुनैपनि धार्मिक कामकाज गर्नुपर्दा ब्राह्मण पुरेतलाई लगाउदछन् । बच्चा जन्मिएपछि दश दिनसम्म सुतक बार्दछन् । र एघार दिनमा बच्चाको न्वारान  गर्दछन् । मगर संस्कार अनुसार गरिने छेवार कार्य बच्चा छोरा ५ वा ६ वर्षको उमेरमा गरिन्छ । मगरहरु नजिकको नातेदार मर्दा तेह्र दिनसम्म जुठो वार्ने गर्दछन् । मगरहरु ब्राह्मण पुजारी नअपनाउनेहरुले भाञ्जा वा ज्वाइलाई धार्मिक कार्य सम्पन्न गर्न लगाउदछन् सो कार्य गरेवापत तिनलाई कपडा, खानेकुरा र दक्षिणा दिइन्छ । ब्राह्मण पुजारी नलगाउनेहरु बच्चा जन्मेकामा सुतक केवल ३ दिनसम्म बार्दछन् र चौथो दिनमा न्वारान सम्पन्न गर्दछन् । बुद्धिष्ट मगरहरुको धार्मिक कार्यहरु सम्पन्न गर्नुपर्दा ब्राह्मणको सट्टा लामालाई बोलाउने गर्दछन् । यिनीहरुमा मान्छे मर्दा लाशलाई गाड्ने चलन छ (विष्ट, १९७६) ।

नगेन्द्र शर्मा मगरहरुको बासस्थान, यिनीहरुको सामाजिक साँस्कृतिक अवस्था र यिनीहरुको ऐतिहासिक विकास क्रमको बारेमा अध्ययन गर्ने क्रमाम भन्नुहुन्छ मगरहरुको बसोबास मुख्य तया पाल्पा, प्यूठान, रोल्पा, डोल्पा रुकुम आदी जिल्लाहरुमा भएको पाइन्छ । पहिला पाल्पा जिल्ला विशाल मगराँतको एक मुख्य भाग थियो । यस क्षेत्रमा सेनाहरुको प्रभुत्व हुनु अगाडी यहाँका हर्ताकर्ता मगरहरु नै थिए । त्यसबेला यहाँ मगरहरु सबैभन्दा ठूलो संख्यामा रहे तापनि सेन वंशको अन्त्य पछि अन्य जातिको तुलनामा यिनीहरुको संख्या तेस्रो स्थानमा पर्न गयो । यसैले पाल्पा जिल्लालाई मगरहरुको मुख्य थलोको रुपमा मान्न सकिन्छ । मगरहरुको परम्परागत  घर ढुङ्गा माटोले बनेको भित्र बाहिर गोवर माटोले लिउन लगाएको र खरले छाएको हुन्छ । कुनै घरमा बार्दली पनि निकालिएको हुन्छ । भुइतलामा अगेना चुलो राखिएको र एउटा कुनामा घरका देवताहरु राखि पूजा गर्ने गरेको पाइन्छ । हरेक परिवारका कूल देवता हुन्छन् जसलाई साधारण तया भान्सा कोठामा राख्ने गर्दछन् । जेठ महिनामा कूल देवताको पूजा हुन्छ । विवाहको सम्बन्धमा दुलाहाले दुलाहिको घरमा उपहार पठाउने र सो उपहार दुलहीका तर्फबाट स्वीकार भएपछि मात्र विवाह पक्का भएको मानिन्छ । यस विधिबाट कुनै कारणवंश विहे नहुने भएमा दुलहीका तर्फबाट हर्जना तिर्ने गरेको पाइन्छ । विहेको खर्चालु प्रवृतिबाट जोगिन केटी भगाउने चलन पनि मगर समुदायमा रहेको छ । मगर समाजमा विधवा विवाहलाई पनि मान्यता दिइन्छ र यस्तो विहेमा केटी भित्राउदा केटाले चुरा मात्र दिन्छ सिन्दुर भने दिदैन । मगर समाज पुरुष प्रधान

भएपनि नारी स्वतन्त्रता पाइन्छ । मगर बुहारीहरुले सासु ससुराको नजिक पर्दा घुम्टो काट्नु नपर्ने, पेवा आफु खुसि गर्ने पाउने, विवाहित आइमाईको आफ्नो सम्पत्तिमा हक लाग्नेर लोग्ने सँग मन नमिलेमा माइती फर्कन सक्ने वा पारपाचुके गर्न सक्ने आदि पाइन्छ । मृत्यु संस्कारमा गाड्ने र जलाउने दुवै संस्कार पाइन्छ । बढीमा १३ दिनसम्म जुठो बार्ने चलन छ (शर्मा, २०५२) ।

विभिन्न विद्वानहरुका मत  अभिमतहरुको रायलाई हेर्दा के देखिन्छ भने समाज र सँस्कृति निरन्तर विकसित र परिमार्जन हुँदै जाने एउटा त्यस्तो सामाजिक संस्था हो जसका मूल्य र मान्यता समयको परिवर्तनसँगै परिस्कृत हुँदै जान्छन् । माथिका सवैजसो विद्वानहरुले मगरहरु भोटबर्मेली भाषा परिवारका मानिसहरु भएको जिकिर गरेका छन् । प्रकृति पुजक मगरहरु २५ सय वर्ष पहिलासम्म झाँकृ धर्म अवलम्बन गरे पनि महामानव बुद्धले सिकाएको अहिंसावादी , मानवतावादी विचारको प्रभावमा परि बौद्ध धर्म अँगालेको कुरा जोन हिच्चकले गरेका छन् भने जनकलाल शर्माले भने समयको परिवर्तन सँगै मगरहरु ब्राम्हण क्षेत्रीहरुको प्रभावमा परी उनीहरुकै धर्म सँस्कृतिलाई पछ्याएको जिकिर गरेका छन् । तर मिनबहादुर श्रीस मगरले भने आफ्नो भिन्न मत राखेका छन् । उनी भन्दछन् मगरहरु मात्रै ब्राम्हण क्षेत्रीहरुको प्रभावमा परेका होइन बरु मगरहरुको धर्मसंस्कृति ब्राम्हण क्षेत्रीहरुले पनि अँगालेका हुन् । तसर्थ यी विभिन्न सैद्धान्तिक समीक्षाहरुबाट के निष्कर्ष निकाल्न सकिन्छ भने समाज एउटा गतिशिल संस्था हो जहाँ भएका परिस्कृत मूल्यमान्यताहरु चाहे ती खस आर्य मूल्यमान्यता नै किन नहुन वा मगरहरुका मूल्यमान्यता नै किन नहुन समाजमा बस्ने मानिसहरुले समयमको अन्तरालसँगै साटासाट , वा अवलम्बन गर्ने गरेको हुन्छ ।

## २.२ अनुभवजन्य समीक्षा

खत्री (१९९५) ले "एडभटीभ सिष्टम अफ द मगर पिपलः एन एथ्नो-इक्कोलोजिक केस स्टडी अफ अर्गल भी.डी.सी. अफ बाग्लुङ" भन्ने शोध पत्रमा यस जातिका मानिसहरूले स्रोत-साधन र समय अनुकूल यसको उपभोग कसरी गरेका छन् भन्ने कुरा देखाएका छन् । यस गा.वि.स. मा अठार पन्थी (घर्ती, रोका, पुन) मगरहरूको बसोबास भएको र यिनमा पनी रैथाले (पहिले आउने) र पछुवा (पछि

आउने) दुई थरी छन् । यिनीहरूको संस्कृति तथा रहनसहन बाह्रपन्थी मगरको भन्दा फरक छ । यिनीहरूमा न त वाह्रपन्थी जस्तो बढी हिन्दूहरूको प्रभाव परेको छ नत वुद्ध धर्मको नै । यिनीहरू आफ्नो धर्मकर्म काज क्रियामा हिन्दु व्राम्हण तथा वौद्ध लामा कसैको पनि प्रयोग गर्दैनन् वरु घरको ठूलो छोरा वा छोरीको प्रयोग गर्दछन् । विवाहमा सिन्दूर हाल्ने परम्परा छैन । कूल तथा वायुपूजा यिनीहरू गर्दछन् । यिनीहरू मगरभाषा बोल्दैनन् भने जीवन निर्वाहको क्रममा परम्परागत खेती प्रणाली तथा पशुपालन नै अपनाएका छन् । स्थानीय स्रोतसाधनको उपयोग गरी यिनीहरूले डोका, डाला, नाङ्ला, मान्द्रो जस्ता बुन्ने शीपले नगद आर्जनमा सहयोग पुऱ्याएको छ । खेती तथा विवाह महोत्सव जस्ता प्रकृयाहरूमा छिमेकीलाई गर्ने निस्वार्थ सहयोग भावना यिनीहरूमा ज्यादै वढी देखिन्छ । देशका विभिन्न स्थान, भारत तथा अन्य विदेशी मूलुकमा विभिन्न पेशा तथा आर्मीमा भर्ती हुने प्रचलनले पनि यिनीहरूको जिवन निर्वाह प्रक्रियामा सहयोग गरेको छ ।

शर्मा (१९९५) ले आफ्नो शोधपत्रमा मित्याल गा.वि.स. पाल्पाका मगर जातिसँग सम्बन्धित रहेर मुख्यरूपमा उनीहरूको खेति र स्रोत व्यवस्थापन 0प्रक्रिया बारे अध्ययन गरेका छन् । यिनले मगर जातिको आर्थिक अवस्था बारे प्रकाश पार्दै यसका प्रारम्भीक (Basic) आधारहरूलाई व्याख्या गरेका  छन् । कृषिबाट उत्पादित खाद्यान्न तथा नगदेवाली पशुपालन, वस्तु तथा उत्पादनको किनबेच, स्थानीय हाटबजार, श्रमिक व्यवस्थापन, आदि बारे व्याख्या गरिएको छ । स्थानीय रूपमा त्यहाँका समुदायले खेति गर्ने विभिन्न तरिकाहरू जस्तै Shifting cultivation, Fallow system, Inter cropping system, Relay croping system, Mixed cropping प्रकृया बारे उल्लेख गरेका छन् । अर्थ र पर्यावरण, वनजंगल व्यवस्थापन तथा वर्तमानमा यसको स्थिती जंगलमा पाइने जडिबुटी तथा घाँसपातको उपयोगिता र प्रयोग वन व्यवस्थापन समिति, धार्मिक वन, लोसे वा परम्परागत वनक्षेत्रको उपयोग, साथै  परम्परागत जंगली जडिबुटीको उपयोग तरिका (Indigenous knowledge on medicinal valiue of plants बारे पनि वर्णन गरिएको छ ।

शर्मा (१९९७) ले आफ्नो शोधपत्रमा लहरेपिपल गा.वि.स. वाग्लुङ्गका मगरहरूको सामाजिक, संस्कृतिक परिवर्तन अध्ययन गरेका छन् । उनले समग्र मगरहरूको इतिहास, संस्कृति, रीतिरिवाज, पेशा आदिलाई सामान्यरूपमा उल्लेख गर्दै लहरेपिपल गा.वि.स.का मगरहरूमा आफ्नो लेखलाई केन्द्रित गरेका छन् । समयको बहावसँगै कसरी र कस्तो परिवर्तन यस जातिमा देखिएको छ । विवाह पद्धतिमा कसरी नयाँपनहरू थपिइरहेका छन् र के साँच्चै मगर समाजमा सांस्कृतिक गतिशिलता/संस्कृतिकरण Sanskritized हुँदै गएको छ त? भएको छ भने कसरी हुँदैछ आदि कुराहरूमा विश्लेषण गरेका छन् । लेखकले census method को प्रयोग गरी संकलित सूचनाको आधारमा यस जातिको सामाजिक आर्थिक अवस्था, परम्परागत पेशा, वैवाहिक परम्परा, अन्य जातिहरूसँगको सह सम्बन्ध आदि कुराहरूको उल्लेखका साथै वर्तमानमा देखिएका संस्कृतिकरण Sanskritized को व्याख्या र विश्लेषण गरेका छन् । शिक्षा, विकास, अन्य जातिहरूसँगको सामाजिक सम्पर्क, जागिरहेको शिलशिला तथा स्वदेश तथा विदेशी परिवेश सँगको सम्पर्क आदि कारणहरु नै मगर समुदायको सामाजिक गतिशिलताको मुख्य कारण देखिन्छन् ।

गदाल (२००२) ले कुमाल जातिको समुदायमा विकासको कसरी Intervention गरेको छ भन्ने कुरा देखाएका छन् । नुवाकोट जिल्लाको त्रिशुलीमा गरिएको यो अध्ययनमा विकासको Intervention ले कुमाल जाति Marginalization कसरी भइरहेको छ भन्ने कुरा देखाइएको छ । परम्परागत रूपमा माटोका भाडा वनाउने पेशामा आवद्ध कुमाले जातिको यो पेशा वर्तमानमा धातु तथा प्लाष्टीकका भाडाहरूको सस्तो प्रयोगले संकटमा परेको देखाइएको छ । Quantitative and qualitative दुवै विधि अपनाएर गरिएको यस अध्ययनमा विकासको Intervention ले यस समुदायको जनसंख्या, जमिनको स्वमीत्व, परम्परागत पेशा, खेती प्रणाली, प्राकृतिक स्रोत माथिको प्रभुत्व आदिमा क्रमिक प्रभाव परेको देखिन्छ । वि.सं. २०१० सम्म कुमाल बसोबास मात्र भएको यस क्षेत्रमा मलेरिया उन्मूलन, सडक निर्माण, विधुतिकरण जस्ता विविध विकासका प्रक्रियाले अन्य समुदायका लागि पनि आकर्षणको केन्द्र बन्न पुग्यो । यसरी

यस क्षेत्रमा बन्दव्यापार, पर्यटन, कृषि विकास, शिक्षाको विकास, प्रशासनिक सेवा आदिको दृष्टिले महत्वपूर्ण सावित हुन पुग्यो । यसरी विभिन्न क्षेत्रबाट बसाइसरी आएका मानिसहरूको दवावका कारण तथा विकास र आधुनीकरणका कारण कुमाल जाति विस्थापित र :बचनष्लबष्शिभम हुन पुगेका हुन् भनी देखाइएको छ । अध्यताले पेशागत रूपमा तल्लो स्तरको मानिने सामाजिक सोचाइका कारण नयाँ पुस्ताले कुमालहरूको परम्परागत माटोका भाडा बनाउने पेशा समेत छाड्न थालेको उल्लेख गरेका छन् । शहरीकरण भन्दा अगाडि प्राकृतिक स्रोत माथिको सबैको समान अधिकार वर्तमानमा बसाईसरेर आएका माथिल्लो जातको हातमा पुगेको देखिन्छ ।

# अध्याय : तीन
# अनुसन्धान विधि

कुनै पनि विषयमा अध्ययनको लागि निश्चित अनुसन्धान विधिहरूको आवश्यकता पर्दछ । यद्यपि सबै प्रकारका अनुसन्धान विधि प्रयोग गर्नुपर्ने आवश्यकता नहुन सक्छ । त्यसैले अध्ययनको विषय र प्रकृति अनुसार फरक फरक अनुसन्धान विधि अपनाउन सकिन्छ । यस अनुसन्धानको लक्ष्य प्राप्त गर्न केही प्रभावकारी विधिहरूको प्रयोग गरिएको छ । उक्त विधिहरू निम्नानुसार रहेका छन् ।

## ३.१. अध्ययन क्षेत्रको छनोट

मगर जातिको अध्ययनको लागी भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ४ स्थित छापलाई लिइएको छ । यो स्थान मगर समुदायको धेरै पहिले देखि पुरानो वस्ती मानिन्छ । चाँगुनारायण नगरपालिका वडा नं. ४ को तथ्यांक अनुसार त्यहाँ जम्मा ५७ घरधुरी रहेको तथ्यांक पाए पनि स्लगत सर्वेक्षणमा जाँदा त्यहाँ छुटिट्टभिन्न भई जम्मा जम्मी ६१ घरधुरी भएको तर जागिर, व्यापार, र छोराछोरीको शिक्षाको कारणले गर्दा स्थलगत सर्वेक्षणकोसमयमा जम्मा ५० घरधुरी उक्त स्थानमा रहेकाले उक्त ५० घरधुरीबाट एकजना घरमुलीलाई यस अध्ययनको लागि छनोट गरिएको छ । यसर्थ उक्त ५० घरधुरीबाट लिइएका ५० जना नै यस अध्ययनका नमुना रहेका छन् । यस स्थानमा वसोवास गर्ने मगरहरुको आफ्नै किसिमको विभिन्न महत्व र अस्तित्व रहेको पाईन्छ । अध्ययनको उद्देश्य अनुरुप विभिन्न तथ्यांक संकलन गर्ने र उनिहरुको वारेमा आफु त्यहि वसोवास गरेको र त्यहाँको संगतको वारेमा भाषाको समेत सहयोग मिल्ने समेत आशा राखी मैले मगर जातिको सामाजिक अवस्थामा आएको परिवर्तनको जानकारी उक्त स्थानका सर्म्पूण मगरहरु जातिको सामाजिक अवस्थाको अध्ययन गर्न सघाउ पुग्ने आशा लिएर यस क्षेत्रलाई छनौट गरेकी हुँ ।

## ३.३ अनुसन्धान प्रारुप

यो अध्ययन मुलतः वर्णनात्मक र अन्वेषणात्मकमा आधारित रहने छ । यो अध्ययनमा मगर जातिको सामाजिक अवस्थाको अध्ययन, वर्णन र व्याख्या गरिएको छ ।

अनि यसका सवै सामाजिक चरहरुको अवस्थाको वारेमा खोज पश्चात पाइने परिवर्तनका कारकहरुलाई समेत प्रस्तुत गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोत

यस शोधपत्रमा प्राथमिक र द्धितिय प्रकारका तथ्यांकहरु संकलन गरिएको छ । तथ्यांक संकलनको लागि उक्त अध्ययन क्षेत्रमा गएर अन्तरवार्ता अवलोकन र समुहगत छलफलवाट संकलन गरिएको छ । द्धितिय तथ्यांकहरु विभिन्न पुस्तक, जस्तै सि.वि.एस.को तथ्यांक, विभिन्न विद्वानहरुले लेखन एवम प्रकाशन गरेका सामाजिक परिवर्तन सम्बन्धि पुस्तकहरु, सामाजिक परिवर्तन सम्बन्धित विभिन्न पत्र पत्रिका र लेख रचना आदीवाट संकलित गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधी

कुनै पनि अध्ययन अनुसन्धान कार्यमा तथ्यांक संकलन विधिको महत्वपर्ण भुमिका रहेको हुन्छ । अध्ययनले आशा गरे अनुरुपको परिश्रम पनि तथ्यांक संकलन विधिहरुमा निर्भर गर्दछ । तथ्यांक संकलनको निश्चित विधि विधानहरु हुन्छन् र तिनै विधि विधान र प्रकृयाहरु अपनाई मगर जातिको सामाजिक अवस्था र यसमा आएका परिवर्तनको वारेमा तथ्यांक संकलन गरिएको छ । यो अध्ययनको क्रममा मैले अध्ययन क्षेत्रमा वसी त्यहाँको स्थानिय वासिन्दाहरुमा घुलमिल भई उनीहरुको सामाजिक परिवर्तनको पाटोलाई बढाएकी छु । यो अध्ययनको लागि तथ्यांक संकलन निम्न लिखित विधिवाट संकलन गरिएको छ ।

### १. प्राथमिक तथ्यांक संकलन विधि

यो शोधकार्यमा प्राथमिक तथ्यांक ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तो प्रकारको अध्ययनको लागी स्थलगत अध्ययन अनिवार्य हुने हुँदा यस अध्ययनको तथ्यांक संकलनका लागि निम्न विधिहरु अपनाइएको छ ।

### क. अन्तवार्ता

नमुनाछनौटमा परेका उत्तरदाताहरुसँग मगर जातिको सामाजिक अवस्था र यसमा आएको परिवर्तन र परिवर्तनका कारक तत्वहरुबारे जानकारि लिनको लागी घुरमलीसँग

अन्तवार्ता लिइएको छ । विशेस गरि सामाजिक अवस्थामा परिवर्तन ल्याउने चरहरुमा आएको परिवर्तनहरुको कारण सहित जानकारिको लागि यो विधिको प्रयोग गरिएको छ ।

### ख. अवलोकन

भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं. ४ का मगरहरुको घर, गाउँ, बसाई, लवाई, खुवाई, आम्दानीको श्रोत बोलचाल, भेष, भुषा रहन सहन, भौगोलिक बनावट जस्ता विषयमा प्रत्यक्ष अवलोकन गरि आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ग. समुहगत छलफल

मगरहरुको सामाजिक अवस्था र यसमा आएका परिवर्तनबारे प्रश्नहरु समेटेर ५-१० जनाको २ देखि ३ समुह बनाई पालैपालो समुहगत छलफल गरि उनीहरुको सामाजिक अवास्थाको वारेमा छलफल गरि तथ्यांक संकलन गरिएको छ ।

### घ. मुख्य जानकार व्यक्तिहरु

मगरहरुको जानकारी राख्ने समाजसेवि, बुढापाका, शिक्षकहरु, महिलाहरु सँग सोधपुछगरि मगरजातिको सामाजिक अवस्था र परिवर्तन बारे जानकारि लिने प्रयास गरिएको छ ।

## ३.५.२ द्धितिय तथ्यांक संकलन विधि

द्बितीय तथ्यांक अर्न्तगत मगर जाति सम्बन्धी विभिन्न लेख, पुस्तकहरु, शोधपत्रहरु, पत्रपत्रिकाहरु पुस्तकालयबाट उपलब्ध भएसम्मका जानकारिहरु संकलन गरिनुका साथै त्यस समुदाय र त्यस जातिप्रति विज्ञ विद्धान व्यक्तिहरुको सुझावहरुलाई पनि सम्भव भएसम्म उपयोग गरिएको छ ।

## ३.६ तथ्यांकको विश्वासनियता र प्रमाणिकता

मगरहरुको सामाजिक अवस्था र त्यसमा आएको परिवर्तनबारे अध्ययन गर्नको लागि संकलन गरिएका तथ्यांकहरुलाई अध्ययनकर्ता आफै अध्ययन क्षेत्रमा गएर तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलन गरिसकेपछि शोधनिर्देशकको निर्देशनमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ३.७ तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण

प्राथमिक र सहायक श्रोतहरुबात प्राप्त तथ्यांक र सूचनाहरुलाई यिनीहरुको प्रकृति र विशेषता अनुसार वर्गीकरण गरी मात्रात्मक तथ्यांकलाई तालिकीकरण गरिएको छ भने गुणात्मक तथ्यहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## अध्यायः चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ मगरहरुको सामाजिक अवस्था

भक्तपुर जिल्ला नेपाल राज्यको मानचित्रमा साविकको मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चल र हालको संघीय संरचनाअनुसार प्रदेश नं. ३ अन्तर्गत राजधानी काठमाडौं उत्तर-पूर्वदिशामा अवस्थित एक ऐतिहासिक पृष्ठभूमिले सुज्जित जिल्ला हो । पहिले भक्तहरु बस्ने ठाउं भएको हुनाले संस्कृतमा यसको नाउं "भक्त ग्राम" राखिएको र त्यसैको अपभ्रंश भई भादगाउं हुन गएको हो । हिन्दु धर्मालम्बीहरुको बसोबास रहेको हुनाले यो ठाउँलाई भक्तग्राम भनिएको हो भन्ने अनुमान छ । लोक व्यवहारमा गाउँ कहलाउने भादगाउँका राजा तथा कविहरुले यसलाई भक्तपुर, "भक्तपुरी" वा "भक्त पत्तन" इत्यादी लेखेका छन् । नेपाल भाषा/नेवारी भाषामा भादगाउँलाई "ख्वप" भनिन्छ पछि यही "ख्वप" लाई नेपालीमा भक्तपुर भनिन थालियो र यस जिल्लाको नाम भक्तपुर राखिएको देखिन्छ (विष्ट, २०३०)

### ४.१.१ भौगोलिक अवस्था

यस अध्यनको अध्ययन क्षेत्र चाँगुनारायण नगरपालिका वडा नं. ४ छाप मध्यमाञ्चल विकास क्षेत्रको वाग्मती अञ्चलमा पर्दछ । यस नगरपालिकाको जम्मा क्षेत्रफल ८८० वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको जम्मा जनसंख्या ५५४३० रहेको छ भने जनसंख्याको घनत्व ८८० प्रति वर्गकिलोमिटर रहेको छ । २७°४३'००" उत्तरी अक्षांशदेखि ८५°२५'४७" पूर्वीदिशान्तरसम्म रहेको छ । (भक्तपुर जिल्लाको पार्श्वचित्र, २०७२) ।

### ४.१.२ हावापानी

यो नगरपालिका समतल एवम भिरालो भु-भाग भएकोले यहाँको हावापानी उष्ण, अर्धशितोष्ण भएको पाइन्छ । गर्मी मौसममा यहाँ त्यति गर्मी नहुने र जाडो मौसमा पनि जाडो त्यति नहुने गर्दछ । उब्जाउको हिसाबले यो क्षेत्र अत्यन्त महत्वपूर्ण मानिन्छ । सम्म परेको भूभाग एवं मलिलो माटो भएको कारणले यहाँ उत्पादन राम्रो हुने गर्दछ । अन्य ठाउँमा जस्तै यहाँ पनि मौसम अनुसारको विभिन्न प्रकारका फलफूल र अन्न उत्पादन हुन्छन् । धान, मकै, कोदो, गहुँ, तोरी, आलु लगाएत विभिन्न किसिमको तरकारी जस्तै

बन्दा, काउली, गोलभेडा, सागपातका साथै अन्य फलफुलहरु मेवा, केरा आदि यहाँको प्रमुख फलफूलखेति हुन् ।

### ४.१.३ प्राकृतिक वनस्पति तथा पशुपंक्षी

प्राकृतिक सम्पदाले भरिपूर्ण भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकामा विभिन्न किसिमका वनस्पति तथा पशुपंक्षी पाइन्छन् । यहाँ सल्ला, बर, पिपल, आँप, चिलाउने, कटुस आदि वनस्पतिका साथै मृग, चितुवा, स्याल, वनविरालो, दुम्सी, बाँदर आदि जंगली जनावरका साथै कालिज तित्रा ढुकुर फिस्टा, सुगा आदि पंक्षिहरु पनि पाइन्छन् । सम्पूर्ण घाँस एवम स्याउलाको लागि यहि जंगलमा निर्भर रहनु पर्दा हाल यहाँको जंगल मासिएर जंगली जनावर र पशुपंक्षी पनि मासिदै गएका छन् ।

### ४.१.४ चाँगुनारायण नगरपालिकाको सामाजिक संरचना

मानिस सामाजिक प्राणी हो, समाज बिना ऊ एक्लै रहन सक्दैन र एक व्यक्तिद्धारा मात्र समाजको निर्माण हुन सक्तैन । समाजमा कुनै एउटा वर्ग समूह वा व्यक्ति मात्र रहेको हुँदैन । जसरी व्यक्ति व्यक्ति मिली परिवार बनेको हुन्छ त्यसै गरी परिवार- परिवार मिलि समाज वा समुह बनेको हुन्छ । समाजमा बस्ने सम्पूर्ण जाति मिली एउटा पूर्ण समाजको निर्माण हुन्छ ।

चाँगुनारायण नगरपालिका वडा नं. ४, छापको सामाजिक संरचनालाई हेर्दा यहाँ विभिन्न खालको सामाजिक संरचना रहेको पाइन्छ । यस स्थानमा विभिन्न जाति/जनजाति रहे तापनि एक आपसमा समन्वय स्थापित गरी बसेका छन् । यस स्थानको सामाजिक संरचनामा विविध जातजातिको रहेको छ । भक्तपुर जिल्लामा बाहुन, क्षेत्री, मगरका साथै अन्य जातिको पनि बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लामा कुल जनसंख्या ३,०४,६५१ रहेको छ । जसमा पुरुषको जनसंख्या १,५४,८८४ र महिलाको जनसंख्या १,५४,७६७ रहेको छ ।

### ४.१.५ जातिगत आधारमा जनसंख्या विवरण

कुनै पनि जात/जातिको अध्ययन गर्दा त्यस क्षेत्रको जातजातिको बारेमा पनि जानकारी लिनु महत्वपूर्ण पक्ष भएकोले चाँगुनारायण नगरपालिकाको जातिगत विवरणलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ । भक्तपुर जिल्लामा सबैभन्दा बढी नेवार जातिको बाहुल्यता रहेको छ । नेवारको जनसंख्या कुल जनसंख्याको ४६ प्रतिशत अर्थात १,४०,१३९ रहेको छ । त्यसपछि दोस्रोमा क्षेत्रीको जनसंख्या ६०,९३० र तेस्रोमा ब्राहमणको जनसंख्या ४२,६५१ रहेको छ ।

भक्तपुर जिल्लाको कुल जनसंख्याको २ प्रतिशत अर्थात ६,०९३ मगरहरुको जनसंख्या रहेको छ । अध्ययन क्षेत्र रहेको चांगुनारायण न.पा. मा बाहुन, क्षेत्री, मगर आदि जतिहरुको बसोबास रहेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्र  चांगुनारायण न.पा. ४, छापमा कूल ५० घरधुरी सबै मगर जातिको बसोबास रहेको छ । उक्त वडाको लिङ्गगत जनसंख्याको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. १**

**छापको लिङ्गगत जनसंख्याको अवस्था**

| घरसंख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ५० | २१३ | ५०.४८ | २०७ | ४९.५२ | ४२० | १०० |

माथिको तालिका अनुसार अध्ययन क्षेत्र चांगुनारायण न.पा. ४, छापमा कुल ५० घरधुरी सबै मगरहरु छन् । लिङ्गगत आधारमा हेर्दा पुरुष २१३ जना र महिला २०७ जना गरी जम्मा जनसंख्या ४२० जना रहेको छ ।

## ४.२ मगरहरुको सामाजिक अवस्थाको परिवर्तन

परिवर्तन एउटा सर्वमान्य विशेषता हो । समाज समय अनुसार विभिन्न कालखण्डमा विकास हुँदै आजको अवस्थामा आएको हो । ऐतिहासिक प्रकृयाबाट हेर्दा केही मुलभूत पक्षहरुलाई मुख्य आधार मानेर समाजको समुदायको अनि परिवारहरुको ऐतिहासिक विश्लेषण गरिदै आएको भेटिन्छ । जस्तैः स्रोतको वितरण वा स्वामित्व, तात्कालिनक

अर्थराजनिकि परिस्थिति, सामाजिक मूल्य मान्यताको उपस्थिति उत्पादन सम्बन्ध स्रोतको परिचालन (प्राकृतिक, भौतिक र मानविय आदि । )

सामाजिक व्यवस्था एक वृहत अवधारणा हो । एउटा सामाजिक व्यवस्था सञ्चालन हुनको लागि अर्थव्यवस्था, राजनिती, धर्म, कानुन, शिक्षा आदिको प्रकार्यात्मक सम्बन्धको खाँचो हुन्छ । समाज परिवर्तनसँगै समाजमा रहेका संस्थाहरुमा परिवर्तन हुँदै आएको पाइन्छ । समाजक परिवर्तन हुँदा आर्थिक परिवर्तन हुन्छ । आर्थिक परिवर्तन हुँदा सामाजिक परिवर्तन हुन्छ ।

कार्लमाक्सले सबै सामाजिक परिस्थितिको कारक तत्वका रुपमा अर्थव्यवस्थालाई लिएका छन् । जब समाजमा उत्पादन प्रणालीमा परिवर्तन आउँछ । तब सामाजिक प्रकृया तथा स्वरुपमा पनि परिवर्तन आउँछ । उत्पादन प्रणाली एक अवस्थाबाट अर्को अवस्थामा आइपुग्दा सामाजिक समाजमा परिवार, विवाह, उत्पादन प्रकृया र संगठन, सामाजिक मुल्य, मान्यता आदि सबैमा आर्थिक संरचनाले नै परिवारको आकार, नाता, महिलाको स्तर र कार्य सामाजिक व्यवहार र मान्यताको निर्धारण गर्दछ । सामाजिक स्वरुप अनुसार सामाजिक मूल्य मान्यता र संस्कार अनुसार नै मानिस आर्थीक उत्पादनमा समलग्न हुन्छ । (स्रोतः आचार्य २०६३)

चाँगुनारायण नगरपालिका वडा नं. ४ स्थिति छाप गाउँ जहाँ मगरहरुको बसोवास धेरै पहिले देखि नै रहेको छ । समाजको बदलिँदो परिस्थितिसँगै उनीहरुको सामाजिक अवस्थामा के कस्ता परिवर्तनहरु भए भन्ने जानकारी लिनको लागि यो अध्ययन अनुसन्धान गरिएको छ ।

### ४.२.१ भु-स्वामित्व

भूस्वामित्व व्यक्ति वा समाजको मेरुदण्डको रुपमा रहेको हुन्छ । आर्थिक अवस्था बलियो र मजबुत रहेमा मात्र त्यस व्यक्ति, समाज र समग्र देशको नै विकास सम्भव छ । नेपालको अर्थव्यवस्था खासगरी कृषिमा आधारित छ । २०५८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँका ८०% भन्दा बढी मानिसहरु कृषि क्षेत्रमा रहेको पाइन्छ, तर २०६८ को जनगणनामा जम्मा ७६.३ प्रतिशत घरपरिवारहरु कृषिमा आधारित रहेका छन् । मानविय

क्रियाकलाप र संस्कृतिका विविध पक्ष रितीरिवाज, चालचलन र जीवनशैलीलाई आर्थिक अवस्थाले ठूलो प्रभाव पार्दछ ।

भूमि उत्पादनका साधनहरु मध्ये एक प्रकृतिको अमूल्य उपहार हो, साथै अन्न उब्जनीको प्रमुख आधार हो । यस स्थानमा पनि विभिन्न किसिमका भूमिहरु रहेका छन् । कहि भिरालो बारी तथा उब्जाउ नहुने पाखो पनि रहेको छ । पानी र माटोलाई नै जीविकाको मुख्य आधार मान्दै आएका मगर जातिहरुका परम्परागत पेशा कृषि, पशुपालन र जाँडरक्सी बनाउनु हो । तर आज उनिहरुको पेशा विविध पेशामा रुपान्तरण भएको छ । कृषि, पशुपालन, ज्याला, मजदुरी, नोकरी, वैदेशीक रोजगार, शिक्षण, व्यापार/व्यवसाय आदि ।

यस स्थानमा बसोबास गर्ने मगर जाति विशेषगरी कृषि, ज्यालामजदुरी नै रहेको छ । पहिला धेरै रोपनी जग्गा हुने व्यक्तिको जमिन पनि अहिले आएर बेचबिखन गरेको हुनाले उनहिरुलाई कृषि पेशाबाट जिवन धान्न ग्यौं ग्यौं परिरहेको छ । जे जति जमिन बचेको छ त्यसमा बालि लगाउँदा ज्यालामा लगाउने चलन छ । यहाँका मगरहरुले अर्काको जग्गा कमाउने तथा केही व्यक्तिले आफ्नो जग्गा अरुलाई वार्षिक भाडा आउने गरी तरकारी, एवम कुखुरा, बंगुर र माछा पालनको लागि पनि भाडामा दिएका छन्  । अध्ययन गरिएका ५० घरपरिवार मध्ये सबैको केही न केही खेतीयोग्य भूमि पाइएको छ । आर्थिक क्रियाकलाप कृषिबाट नै प्रभावित भएको पाइन्छ । खास अहिले आएर आधुनिक कृषि पद्धति गर्ने पनि केही मात्रामा देखिएको छ । यहाँ गरिने खेतीलाई मुख्य गरी धान र मकै रहेका छन भने नगदे बालिमा विभिन्न किसिमका तरकारीहरु रहेका छन् । खेतिको हिसावमा हेर्दा यहाँका मगरहरुले भन्दा बाहिरबाट आएर भाडामा जग्गा लिएर व्यवसायिक खेति गर्ने व्यक्तिहरुको उत्साहजनक उपस्थिति रहेको छ । यहाँका मगरहरु प्राय गरेर लाहुरे हुने, वा विदेश गएर पैसा कमाउने कार्यमा बढी सहभागी भएको कुरा स्थलगत सर्वेक्षणका क्रममा जानकारीमा आयो ।

यस स्थानको प्रमुख पेशा कृषि हो । त्यस कारण यहाँका मानिसहरु आर्थिक कृषिलाई नै मुख्य पेशाको रुपमा अपनाउँदै आएको अध्ययन क्षेत्र मगर जातिको पहिले र अहिलेको भूस्वामित्वको स्थिती यस्तो रहेको छ ।

**तालिका नं. २ : भूस्वामित्वको विवरण**

| भूस्वामित्व | पहिले घरपरिवार संख्या | प्रतिशत | अहिले घर परिवार संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ रोपनी भन्दा कम | ९ | १८% | ४ | ८% |
| १-२ रोपनी रोपनी | १३ | २६% | ११ | २२% |
| २-३ रोपनी | १७ | ३४% | २० | ४०% |
| ३- ४ रोपनी  रोपनी | ९ | १८% | ४ | ८% |
| ४- ५ रोपनी | ५ | १०% | २ | ४% |
| ५ रोपनि भन्दा माथि | ४ | ८% | २ | ४% |
| जम्मा | ५० | १००% | ५० | १००% |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका नं. २ अनुसार छापमा पहिले १ रोपनिभन्दा कम रोपनी जमिन स्वामित्व गरिरहेका घरपरिवार संख्या १८% रहेकोमा अहिले त्यो प्रतिशत कम भई ८% मा पुगेको छ । त्यस्तै पहिले १-२ रोपनीसम्म जग्गा हुने गरेका घरपरिवार २६ प्रतिशत रहेकामा अहिले यो संख्या २२ प्रतिशतमा झरेको छ । पहिले  २-३ रोपनि जग्गा हुने संख्या ३४% रहेकोमा अहिले त्यो संख्या ४० पुगेको छ । त्यसै गरी पहिलो ३-४ रोपनी जग्गा जमिन हुने संख्या १८% रहेकोमा त्यो संख्या अहिले घटेर जम्मा ८% रहेको छ । त्यसै गरी पहिले ५ रोपनि भन्दा बढी  जग्गा जमिन भएको घरधरी संख्या अहिले घटेर जम्मा ४% मा झरेको छ । उत्तरदाताहरुसँग प्रश्न सोध्ने क्रममा किन यसरी जग्गा जमिनको स्वामित्व घट्दै गइरहेको होला भन्दा छोरा बुहारीहरुले जग्गा जमिनमा भन्दा व्यापार व्यवसाय एवम वैदेशिक रोजगारीमा रमाउने कारण रहेको बताए भने अर्को कारणमा परिवारमा छुट्टिभिन्न हुँदा पनि जग्गा जमिनको स्वामित्वमा कमि आएको पाइयो । देशमा माओवादी द्वन्द्व सुरुभए यता देशका विभिन्न ठाउँबाट राजधानीमा सुरक्षा र रोजगारीको लागि आउने मानिसहरुको उच्च चाँपले गर्दा जग्गा जमिनको मूल्यमा बृद्धि भएको र त्यहि मौकामा स्थानीयले आफ्नो जमिन घडेरीको रुपमा बेचबिखन गरेको कारणले पनि उनीहरुको जग्गा खुम्चिन पुगेको उनीहरुको तर्क रहेको थियो ।

माथिको तालिकामा देखाएको तथ्यलाई समग्रमा विश्लेषण गर्दा पहिलेको तुलनामा अहिले छापका गाउँमा सबै घरपरिवारको जमिनको स्वामित्व पहिलाको तुलनामा घट्दै गएको छ । तर राम्रो व्यापार व्यवसाय हुने र वैदेशिक रोजगार तथा नोकरी गर्नेहरुको आकर्षण जग्गा जमिन भन्दा अरु नै कुरामा बढी केन्द्रित भएको देखिन्छ । छोराछोरी विदेश पठाउनु परे पनि जग्गा नै बेच्न पढाउन परेपनि  जग्गा नै बेच्ने क्रमले यस ठाउँको मगरहरुको वर्षेनि जग्गा जमिन माथिको स्वामित्व कम हुँदै गएको छ ।

## ४.२.२ पशुपालनको अवस्था

पशुपालन कृषि पेशाको अभिन्न अंगको रुपमा लिने गरिन्छ । अर्को अर्थमा भन्दा प्राकृतिक स्रोतको परिचालन अन्तर्गत पशुपालन पनि पर्दछ । जसको परिचालन सामाजिक हित अनुकुलन समाजका सदस्यहरुले आफू अनुकुलन गर्ने गर्दछन् । यस अन्तर्गत गाई, भैसी, बाखा, कुखुरा, हाँस, वंगुर आदि  जनावरको पालन गर्दछन् । केही वर्ष अघिसम्म कृषिजन्य उत्पादनसँग नजोडिकन पशुपालनको कल्पना पनि गरिदैनथ्यो । त्यस्तै गरी पशुपालनसँग नजोडिकन कृषिजन्य उत्पादनको पनि । तर पछिल्लो समयमा यी दुईबीच एक विना अर्को पनि सम्भव हुन थालेको छ । अर्थात् यी दुईमध्ये एक विना अर्कोको व्यवसायीक उत्पादन गर्न थालिएको छ ।

मुलत पशुपालन भन्ने बित्तिकै मानविय श्रम परिचालन गरी जल, जमिन र जंगलको उपयोग गर्दै पशुको पालनलाई बुझ्ने गरिन्छ । जसलाई कृषि अन्तर्गत राख्ने गरिएको छ । समाज विश्लेषकहरुका अनुसार यस्तो पेशा, व्यवसाय वा उत्पादन व्यवस्थापनमा बलियो श्रम सम्बन्ध हुने विश्वास गरिन्छ । दुध, मासु अन्य दुग्धजन्य पदार्थ, यातायातको साधन मल आदिका निम्ति पशुपालन गरिने हुँदा यो पेशा व्यवसायमा ठुलो मात्रामा मानवविय श्रम खपत हुने गर्दछ । त्यसैले समाज विश्लेषकहरुले कृषि पशुपालन भएका समाजमा ठूलाठूला पारिवारिक संरचनाहरु हुने परिवारको प्रकार संयुक्त र ठूलो खालको हुने गर्दछ ।  त्यसैले कुनै पनि परिवार, समुदाय, समाज आदिको सामाजिक संरचना अध्ययन गर्न कृषि, पशुपालन आदि पेशा व्यवसायलाई महत्वपूर्ण रुपमा लिने गरिएको छ । यहाँका मगर जातिले कृषिका सहायक पेशाको रुपमा अगाल्दै आएका छन् । अध्ययन क्षेत्रका ५० घर परिवारले कुनै न कुनै पशुपंक्षी पालेको छन् । कृषिको लागि प्रांगरिक मल प्राप्त गर्न केही न

केही पशुपालनको अवस्था रहेको छ। वडा कार्यालयबाट प्राप्त सूचना अनुसार पहिले र अहिले त्यहाँ पशुपालन स्थिति यस्तो रहेको पाइयो।

**तालिका नं. ३ : जनावर/पशुपंक्षीको विवरण**

| **जनावर/पशुपंक्षीको विवरण** | **पहिले पशुपालन गर्ने घरपरिवार** | **अहिले पशुपालन गर्ने घर परिवार** |
|---|---|---|
| भैसीं/रागो (पाडा-पाडी) | ३२ | १२ |
| गाई | ५ | १० |
| बाख्रा | ४७ | ३८ |
| कुखुरा | ५० | ४४ |
| हाँस | २१ | ५ |
| व्यवसायीक कुखुरा पालन गर्ने | ३ | ७ |
| व्यवसायीक बंगुर पालन गर्ने | ० | ५ |
| व्यवसायिक माछा पालन गर्ने | ० | २ |

स्रोत: स्थलगत अध्ययन २०७५

तलिका नं. ३ बाट प्रष्ट नै हुन्छ कि ५० घरधुरीमा गरेको सर्वेक्षण अनुसार पहिले ३२ वटा घर परिवारले भैंसी पालेको पाइन्छ भने अहिले त्यसको संख्या घटेर १२ घरपरिवार मात्र छ। पहिले कम मात्रले गाई पाल्ने गर्दथे भने अहिले बढी मात्रले गाई पालेको देखिन्छ। पहिले अधिकांश घरपरिवारले गोरु पाल्ने गरेको थियो भने अहिले गोरु पाल्नेको संख्या ठूलो मात्रामा घटेको पाइन्छ। बाख्रा र कुखुरा पाल्नेको संख्या पहिलाको तुलनामा केही मात्र घटेको छ। पहिले व्यवसायिक माछा पाल्नेको संख्या कत्ति पनि थिएन भने अहिले बंगुर पालन सँगसँगै २ जनाले माछा पालन पनि गरेको देखियो। यसो किन गर्नु भएको भनि सोद्धा बंगुरको मललाई माछाको आहारा हुने भएको हुनाले माछालाई छुट्टै दानाको आवश्यक नपर्ने हुनाले उनीहरुले यो व्यवसाय पनि सुरु गरेको जान्नमा आयो। पहिलाको तुलनामा व्यवसायीक रुपमा पशुपालन गर्ने घरपरिवार संख्या बढेको छ। तर अहिलेको सर्न्दभमा हरेक पशुपालन (गाई एवम भैंसी) गर्ने घरपरिवार संख्या घटेको पाइयो। अझै पशुपालन नै नगर्ने

परिवार पनि केही मात्रमा देखिन्छ । जसबाट गैरकृषि तथा अन्य पेशा व्यवसायमा ठूलो श्रम शक्ति खर्चिएको प्रष्ट हुन्छ ।

### ४.२.३ मुख्य पेशा र आयश्रोतहरु

नेपाली समाजमा परिवारमा पनि विभिन्न खालको पेशा अपनाएको पाइन्छ । पहिला यस समाजमा जाति तथा जनजाति अनुसारको आ-आफ्नो पेशा गरेको पाइन्छ भने अहिले समय परिवर्तनसँगै जाति तथा जनजातिहरुले आफ्नो पेशा गरेको पाइन्छ भने अहिले समय परिवर्तनसँगै जाति तथा जनजातिहरुले आफ्नो मुख्य पेशालाई छोडी अन्य वैकल्पीक पेशा गरेको पाइन्छ । साथै एउटै व्यक्तिले समय अनुसार विभिन्न खालको पेशा गर्ने गरेको हुन्छ । जसले गर्दा व्यक्तिको मुख्य पेशा के हो भनेर छुट्टाउन गाह्रो पर्छ । पूँजीको व्यवसायीक विकास नभइसकेको समाजमा हरेक परिवारहरुमा एकै खालको पेशामात्र अवलम्बन गरिएको हुँदैन । किनकी त्यस्तो समाजमा श्रम विभाजन भएको हुँदैन एउटा परिवारले एउटा मात्र पेशा व्यवसाय (एउटा मात्र वस्तु तथा सेवाको उत्पादन) गर्ने परिपाटी हुँदैन ।

यस अध्ययन क्षेत्रका मगर समुदायका मानिसहरु पहिलाको तुलनामा अहिले विविध पेशाहरु अपनाएको पाइन्छ । पहिले यस समुदायका मानिसहरुको कृषि र ज्याला मजदुरी एवम जाँड रक्सी बनाउने पेशालाई मुख्य पेशा मानेका थिए । आम्दानीको मुख्य स्रोत नै कृषि पशुपालन र ज्याला मजदुरी रहेको थियो भने अहिले आएर मुख्य पेशा कृषि, पशुपालन, व्यापार, व्यवसाय, वैदेशिक रोजगार नोकरी भएको छ ।

कृषि कार्यमा समलग्न भएका व्यक्तिहरु फुर्सदको समयमा स्थानिय स्तरमा भएका निर्माण कार्य तथा खेती कार्यमा श्रमिक भई ज्याला मजदुरीको कार्य गर्ने गर्दछन् । यसरी कार्य गर्दा नगद लिने प्रचलन रहेको पाइन्छ । यसरी केही व्यक्ति खेतीको कार्य नहुने समयमा नजिकको मुख्य ठाउँ तथा अन्य आसपासका गाउँहरुमा समेत कार्य गर्न जाने गर्दछन् ।

भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका अरु वडाहरुमध्ये वडा नं.४ मा बढी जाँड रक्सी सेवन गर्ने वडा हो । यस स्थानका केही मानिसले जाँड, रक्सीलाई आफ्नो आय श्रोत बनाएका छन् । आफूले उत्पादन गरेको अन्नबाट जाँड रक्सी बनाएर भट्टि पसल थापेर वा घरैबाट पनि बिक्री वितरण गरी पैसा आर्जन गर्दछन् । यसरी जाँड वा रक्सी केही मात्रामा

भए पनि एक आम्दानीको श्रोत भएको छ । चाडपर्व तथा अन्य विविध सांस्कृतिक संस्कारमा पनि मगर जातिमा जाँड रक्सीको विशेष महत्व रहेको छ । यस समाजमा यस्ता कार्य गर्न प्रतिबन्ध गरिएको छैन ।

**तालिका नं. ४ : मुख्य पेशा तथा व्यवसाय**

| **पेशा व्यवसाय** | **पहिले** | | **अहिले** | |
|---|---|---|---|---|
| | **घरपरिवार संख्या** | **प्रतिशत** | **घरपरिवार संख्या** | **प्रतिशत** |
| कृषि | ३४ | ६८% | १४ | २८% |
| पशुपालन | ४ | ८% | १२ | २४% |
| ज्याला मजदुरी | ५ | १०% | २ | ४% |
| व्यापार | १ | २% | ४ | ८% |
| व्यवसाय | ० | ० | २ | ४% |
| वैदेशिक रोजगार | ० | ० | ५ | १०% |
| शिक्षण सरकारी | १ | २% | ३ | ६% |
| शिक्षण नोकरी | ० | ० | ४ | ८% |
| नोकरी | ० | ० | ३ | ६% |
| अन्य | ५ | १०% | १ | २% |
| जम्मा | ५० | १००% | ५० | १००% |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका नं. ४ अनुसार अध्ययन क्षेत्रमा पहिले मुख्य आम्दानीको स्रोत कृषि, ज्याला र मजदुरी गर्ने घरपरिवार संख्या बढी मात्रामा देखिन्छ भने अहिले कृषि, ज्याला, मजदुरी र व्यवसायिक पशुपालन गर्ने संख्याको प्रतिशतमा कमि आएको छ । अहिले अन्य पेशा तर्फ कार्य गर्नेको संख्या बढेको छ । व्यापार, व्यवसाय र वैदेशिक रोजगार तर्फ व्यक्तिहरुको संख्या बढेको पाइन्छ । तर उनिहरुको आम्दानीको मुख्य स्रोत चाही कृषि नै देखिएको छ । तर पनि अहिले कृषि मजदुरी घटेको पाइन्छ । पहिलेका आम्दानीका स्रोतहरु अहिले परिवर्तन हुँदै गएका छन् । पेशा व्यवसायमा क्रमश विविधता आएको छ । धेरैजसो परिवारमा कृषि बाहेकका अन्य आम्दानीका स्रोतहरुबाट जीवन धान्ने परिपाटी बढेको छ । स्थलगत सर्वेक्षण

अनुसार सो ५० घरधुरीमा पहिले पेशा परिवर्तन गर्ने घर परिवार संख्या २९ र नगर्नेको संख्या २ घरपरिवार रहेको पाइयो । यसरी पेशा परिवर्तन हुनुको कारण पूँजीवादी प्रणाली पनि एक हो । पूँजीवादी प्रणालीले उत्पादनको आयामलाई घरपरिवाबाट क्रमश हदाउँदै विशिष्टीकृत कलकारखाना व्यापारमुखी कृषिकेन्द्र र अन्य कार्यालयहरुको सृष्टि गऱ्यो अनि श्रमिकहरुलाई लामो अवधीका लागी वा दैनिक रुपमा निश्चित समयका लागि घरपरिवारबाट स्तान्तरण गर्ने पद्धति बसाल्यो ।

### ४.२.४ शैक्षिक अवस्था

सामाज परिवर्तनको एक मुख्य मेरुदण्डहरुमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तरमा वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ति नै हो । सामाजिक जीवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्ग अन्तरक्रिया गर्न विभिन्न खाले स्रोतहरुको परिचालन गर्न शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । शिक्षा मानिसको जिवनको अनिवार्य र महत्वपूर्ण साधन हो । त्यसैले पनि समाजमा शिक्षाको ठूलो महत्व रहेको छ । शिक्षा खासगरी सामाजिक जीवनबाट सिर्जीत र वितरित हुने गर्दछ । किनकी शिक्षा खासगरी सामाजिक जीवनबाट सिर्जीत र विपरीत हुने गर्दछ । किनकी शिक्षा भनेको कुनै दैवी वा अदृश्य शक्तिबाट बनेको वा सिर्जना भएको हुँदैन । यो त केवल सामाजिक सदस्यहरुको चिन्तन मनन, जीवन भोगाई र समाजको सुक्ष्म अध्ययनको परिमाण हो । जुन समाजका सदस्यहरुबाट मात्र संभव छ । कुनै पनि समाजको समुदायको जीवनशैली कस्तो छ ? भन्ने बित्तिकै त्यहाँका सदस्यहरुको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसित वा अल्पविकसीत समाजको मापदण्डको रुपमा शिक्षालाई लिने गरिएको छ ।

चाँगुनारायण नगरपालका वडा नं. ४ छापमा बसोवास गर्ने उत्तरदाताहरुको परिवारको साक्षरता प्रतिशत ४६.७४ रहेको छ जसमा पुरुष ६२.५ र महिला ३३.२ साक्षर रहेका छन् । स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार त्यहाँको घरपरिवारमा शैक्षिकस्तर यस्तो रहेको पाइयो ।

### तालिका नं. ५ : शैक्षिक अवस्था

| उमेर समूह | साक्षर | निरक्षर | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च शिक्षा | उच्च शिक्षा भन्दा माथी |
|---|---|---|---|---|---|---|---|
| ६-१० | | | २५ | | | | |
| ११-१५ | | | १ | २३ | ३५ | | |
| १६-२० | | | | | १५ | ५ | |
| २१-२५ | | | ३ | २ | १ | ६ | |
| २६-३० | १० | १ | ४ | | २ | १ | |
| ३१-३५ | ५ | ३ | ५ | ३ | १ | २ | |
| ३६-४० | ४ | ७ | ९ | | १ | | |
| ४१-४५ | ३ | १० | | | | | |
| ४६-५० | २ | ११ | १ | | | | |
| ५१-५५ | ३ | ९ | | | | | |
| ५६-६० | १ | ७ | | | | | १ |
| ६१+ | २ | १० | | | | | |
| जम्मा | ३३ | ५८ | ४८ | २८ | २५ | १४ | १ |
| प्रतिशत | १३.८० | २४.२६ | २० | ११.७१ | १०.४६ | ५.८५ | ०.४१ |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका नं. ५ बाट स्पष्ट हुन्छ की छाप गाउँमा ३० वर्ष भन्दा माथि उमेरका व्यक्तिहरु बढी निरक्षर रहेको पाइन्छ । स्थलगत सर्वेक्षण अनुसार अझ पुरुष भन्दा बढी मात्रामा महिलाहरु निरक्षर रहेका छन् । सो तालिका अनुसार २४% व्यक्तिहरु निरक्षर रहेका छन् भने ५%उच्चशिक्षा र ०.४१% उच्चशिक्षा भन्दा माथि रहेका छन् । २० वर्षभन्दा तल उमेरका कोही पनि निरक्षर व्यक्तिहरु छैनन् यस गाविसमा यो आँकडा अनुसार बढी उमेर समूहका व्यक्तिहरु निरक्षर बढी  छन् भने कम उमेर समूहका कोही पनि व्यक्ति छैन । जसको आधारमा यस गाउँमा पहिलाको तुलनाम अहिले शिक्षाको स्तरमा वृद्धि भएको पुष्टि हुन्छ ।

### ४.२.५ घरका प्रकारहरु

यस छाप गाविसमा ५० घरधुरीमा अध्ययन गरिएको घरपरिवारका घरहरुको अवस्थालाई झुपडी, कच्ची र पक्की गरी तिन श्रेणीमा वर्गीकरण गरिएर हेरिएको छ । अध्ययन गरिएको ५० घर परिवारको घरका प्रकारहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : घरका प्रकारहरु**

| **घरको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| झुपडी | छैन | ० |
| पक्की | ४५ | ९०% |
| कच्ची | ५ | १०% |
| | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७५

तलिका नं. ६ बाट स्पष्ट हुन्छ कि यस गाविसमा ९०% घरहरु पच्ची र बाँकी १०% घरहरु कच्ची रहेको पाइयो ।

### ४.२.६ खाना पकाउने श्रोत

अध्ययन गरिएको क्षेत्र बढीजसो घरपरिवाले खाना ग्यासले पकाउने भन्ने उत्तर दिएका छन् । वनजंगल नजिक पर्ने हुनाले सार्वजनिक तथा आफ्नो बारीमा भएका दाउराहरुको प्रयोग गर्न एकदमै असजिलो हुने भएकाले उनीहरुले ग्यासको प्रयोग गर्ने गरेको देखियो । गाइवस्तुलाई खोले पकाउँदा र रक्सी पार्दा भने काठदाउराको प्रयोग गर्ने गरेको हुरा अध्ययन स्थलका उत्तरदाताहरुबाट प्राप्त भयो ।

### ४.२.७ आम्दानी, खर्च र बचतः पहिले र अहिले

परिवारका व्यक्तिहरुले कार्य गरे बापत पाउने नगद वा जिन्सीलाई आम्दानीको रुपमा राखिन्छ । व्यक्तिको आवश्यकता परिपूर्ति गर्न कुनै न कुनै रुपबाट सो आम्दानीलाई खर्च गर्नु पर्ने हुन्छ । व्यक्तिले आर्जन गरेको आम्दानीबाट खर्च गरी बाँकी रहेको रकम बचत हुन्छ । आम्दानी र खर्च समय अनुसार फरक-फरक हुन्छ । परिवारको आकार अनुसार पनि फरक हुने गर्दछ ।

छाप गाविसका व्यक्तिहरुले पहिले प्रायजसो परम्परागत निर्वाह खेती गर्ने गरेको तथा अन्य कार्य गर्दा पनि जिवन निर्वाहको रुपमा मात्र गर्ने हुनाले खासै बचतको अवस्था देखिदैन । आम्दानी खर्च र बचतको बारेमा प्रश्न गर्दा अधिकांश घरधुरीका व्यक्तिहरुले खान मात्र पुग्ने आम्दानी त्यति छैन, बचत पनि छैन भन्ने उत्तर दिए । केही मात्र व्यक्तिहरुले आफ्नो आम्दानी खर्च र बचतलाई पनि समग्रमा अन्दाजको रुपमा बताएका छन् । आम्दानी बताउनेहरु प्राय जसो निश्चित पेशा भएका व्यक्तिहरुले मात्र बताएका छन् ।

**तालिका नं. ७ : आम्दानी, बचत र खर्चको अवस्था**

| विवरण | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | घरपरिवार संख्या | प्रतिशत | घरपरिवार संख्या | प्रतिशत |
| बचत हुने परिवार | १० | २० | २० | ४० |
| आम्दानी भन्दा खर्च बढी हुने परिवार | ५ | १० | ७ | १४ |
| आम्दानी र खर्च बराबर हुने परिवार | ३५ | ७० | २३ | ४६ |
| जम्मा | ५० | १०० | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

छापमा पहिला धेरैजसो व्यक्तिहरु निर्वाह परम्परागत खेती गर्ने हुनाले बचत गर्ने प्रतिशतमा कमि छ भने अहिले त्यहाँका मानिसहरुले अन्य वैकल्पीक पेशा तथा कृषिलाई पनि व्यवसायिक र आधुनिक रुपबाट गर्ने भएकोले व्यक्तिको आम्दानीमा वृद्धि भएको छ ।

विभिन्न समुह तथा सहकारी संस्थामा व्यक्तिहरुले आफ्नो आम्दानीको केही हिस्सा बचत गरेका छन् । छापमा अधिकांश परिवारहरुमा हुने गरेको बचत र उनीहरुको घरपरिवार भएको भौतिक परिवर्तन हेर्दा त्यहाँका परिवारभित्र भएका परिवर्तन पेशाको परिवर्तनसँगै आर्थिक पक्ष पनि सकारात्मक देखिन्छ ।

## ४.३ मगर जातिमा सामाजिक परिवर्तन

### ४.३.१ परिवारको प्रकृति

चाँगुनारायण नगरपालिका वडा नं. ४ छापमा बसोवास गर्ने मगर जातिको पहिले र अहिलेको पारिवारिक संरचनाको परिदृश्य हेर्दा पनि उत्पादन सम्वन्ध जसरी परिवर्तन भएको छ । त्यसरी नै पारिवारीक संरचनामा पनि परिवर्तन भएको देखिन्छ । यस गाउँको परिवारको किसीम हेर्दा पहिले र अहिलेमा फरक रहेको छ । ५० घरधुरीको पहिलेको र अहिलेको सर्वेक्षण अनुसार पहिले ३० घरधुरी संयुक्त परिवार थियो भने २० घरपरिवार एकल रहेको छ । अहिले ३५ घरधुरी एकात्मक परिवार र १५ घरधुरी संयुक्त परिवार रहेको पाइयो ।

**तालिका नं. ८ : घरधुरी संख्याको आधारमा पारिवारीक बनोट**

| पहिले | | जम्मा | अहिले | | जम्मा |
|---|---|---|---|---|---|
| संयुक्त परिवार | एकल परिवार | | संयुक्त परिवार | एकल परिवार | |
| ३० | २० | ५० | १५ | ३५ | ५० |
| ६०% | ४०% | १००% | ६०% | ३०% | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

चाँगुनारायण नगरपालिका वडा नं. ४ छापका मगर परिवारहरुको पारीवारिक संरचनामा परिवर्तन भएको पाइयो । बाह्य प्रभाव एवम् अहिलेको एकल पारिवारिक सामाजिक प्रचलन अनुसार यहाँका मगर समुदायहरु पनि जुन पहिला संष्युक्त परिवारमा विश्वास राख्दथे अहिले आएर एकल परिवारमा विश्वास राख्न थालेको पाइयो । त्यसैले परिवारको किसिममा पहिलाको तुलनामा अहिले एकल परिवारको संख्या बढी मात्रामा

पाइयो । एक परिवारमा बस्ने पुरुषहरु अन्य क्षेत्रमा काम गर्न जाने तथा विदेश जाने परिवारमा महिलाको घरमा निर्णायक भुमिका रहेको पाइयो ।

### ४.३.२ संयुक्त परिवार टुक्रिनका मुख्य कारणहरु

संयुक्त परिवार टुक्रिनुका विभीन्न कारणहरु रहेका छन् । जागीर, व्यापार तथा व्यवसायीक क्रियाकलापबाट पनि मानिसहरु संयुक्त परिवारबाट छुट्टिएको पाइयो । ठूलो परिवारको आकार हुने परिवारहरु पनि मतभेद उत्पन्न भइ तथा विभीन्न कारणले गर्दा छुट्टिएको पाइयो । त्यस्तै गरी स्रोतको अभावमा छुट्टिने परिवार संख्या बढी पाइयो । किनकी जुन घरपरिवार धनी छ भने त्यो घर परिवारका व्यक्तीहरुले पैत्रिक अंश लिएर नछुट्टिने तर जागिरको शिलसिला होस वा व्यापार व्यवसाय वा छोरा छोरीको पढाइ लेखाइको लागि होस काठमाडौं तिर डेरा गरी बस्ने गरेको पनि पाइयो । यदि घर परिवारमा गरिव तथा हरेक कुरामा स्रोतको अभाव छ भने त्यस्तो परिवारमा आफ्नो कमाइ हुने व्यक्तिले आफ्नो कमाई घरपरिवारका अन्य सदस्यमा खर्च गर्नुपर्ने भएकोले सो घरपरिवार छुट्टिएको पाइयो ।

समाजमा आर्थिक, राजनैतिक, नातेदारी, पारिवारिक, वैवाहिक र शैक्षिक रुपी धेरै सामाजिक संस्था रहेका हुन्छन् । ती मूल्य र मान्यतामा बाँधिएर वा सिमित रहेर नै विभिन्न संस्थाले काम गर्दछन् । समाज विकासका विभिन्न कालखण्डमा विभिन्न यस्ता सामाजिक संस्थाको विकास हुँदै गयो । यसै क्रममा यी संस्थाको संरचना, प्रकृति र अर्न्तवस्तु आदिमा परिवर्तन हुँदै गयो । समाजमा रहेका आर्थिक, राजनैतिक, नातेदारी, पारिवारिक, वैवाहिक र शैक्षिक संस्थाहरुमा दिनप्रतिदिन परिवर्तन हुँदै आएको छ । ति संस्थामा अहिले व्यापक मध्ये परिवार एक आधारभूत इकाई हो । यस संस्थामा अहिले व्यापक रुपमा परिवर्तन आएको छ । परिवार भित्र रहेका परम्परागत नयाँ विचार धारा र नियमहरु हराउँदै गएका छन् । अहिले परिवारभित्र नयाँ विचारधारा तथा नियमहरु अपनाउँदै आएको पाइन्छ । संयुक्त परिवारबाट टुक्रिएर एकल परिवारमा बस्ने व्यक्तिहरुको संख्या दिनप्रतिदिन बढ्दै आएको छ ।

**तालिका नं. ९ : संयुक्त परिवार (टुक्रिन) मा परिवर्तनका कारणहरु**

| संयुक्त परिवारमा परिवर्तनका कारणहरु | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | ४ | ८ |
| ठूलो परिवारको आकार | ७ | १४ |
| जागीर तथा अवसरहरु | ६ | १२ |
| व्यापार | ३ | ६ |
| व्यवसायीक क्रियाकलाप | ४ | ८ |
| स्रोतको अभाव | १५ | ३० |
| अन्य | ११ | २२ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७५

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि संयुक्त परिवार टुक्रिनाका कारण धेरै छन् तापनि स्रोतको अभावमा छुटिनेको संख्या सवैभन्दा बढी ३१.२५% रहेको छ भने सवैभन्दा कम व्यापारबाट ६ प्रतिशत घरपरिवारहरु रहेका छन् । अन्य कारणहरुमा पारिवारिक वेमेल, पश्चिमा संस्कृतिको प्रभावहरु मुख्य रुपमा रहेका छन् । यी माथिका कुराहरुलाई हेर्दा संयुक्त परिवार टुक्रिनुमा विभिन्न कारणहरु आए पनि यी कारणहरुको सिर्जना भने पुँजी नै रहेको छ । आजको पुँजीवादी युगमा परिवार टुक्रिनुको कारण विश्व पुँजीवादी व्यवस्था नै मुख्य कारक तत्व रहेको छ । पुँजीवादी संरचनाभित्र पारिवारीक संरचनाको तीव्र रुपले टुक्रिने र जोडिन क्रमलाई गम्भीर रुपमा चित्रण गरेको छ । यस भनाईमा वर्तमान उत्पादन सम्वन्धमा वैयक्तिक उत्पादनको क्रम तीव्र हुने र श्रमिक वा कामदार वर्ग श्रम खर्चमा वढी स्वतन्त्र हुने सँधैभरी एकै ठाउँमा बसेर उत्पादन कार्यका लागि रहने हुँदा संयुक्त-एकल-संयुक्तको चक्र वैयक्तिक उत्पादन पुँजीवादी उत्पादन प्रकृयालाई भन्न खोजीएकोमा बढीमा जोड दिइएको छ । संयुक्त परिवारको दिगोपनामा यस उत्पादन सम्वन्धले बाधा उत्पन्न गर्दछ । तर एकल परिवारको निर्माणमा वैयक्तिक उत्पादनले जुनसुकै समय सन्दर्भ र ठाउँमा भूमिका खेलेको हुन्छ भन्ने हुँदैन भन्ने राय मिश्रको छ ।

## ४.३.३ महिलाको स्थिती र पैत्रिक सम्पत्तिमा महिलाको अधिकारको धारणा

विशेषगरी नेपाली समुदायमा विभिन्न जनजातिमा नारीको स्थान अलग-अलग रहेको पाइन्छ । मूलतः नारीको स्थान उनिहरुको सम्पादन गर्ने आर्थिक कारोबारमा भर पर्ने हुन्छ । आर्थिक कारोबारमा महिलाको निर्णायक भूमिका रहे तिनीहरुको परिवारमा उनिहरुको स्थिति माथि नै हुने गर्दछ । यस मगर समुदायमा प्रायजसो महिलाहरु घरभित्रको कृयाकलाप, जस्तै घरधन्दा, मेलापात, वनजंगल जाने, जाँडरक्सी बनाउने, गाइृवस्तु सम्बन्धी कार्यमा नै बढी समय बिताउने गर्दछन् । तर केही धेरै महिलाहरु घर बाहिरको कार्य गरेको पाइयो । आर्थीक कारोबार तथा घर भित्रको निर्णयको कार्यमा महिला पुरुष दुवै मिलेर गर्ने कार्यमा पनि कम मात्र घरपरिवारमा भेटियो । बाह्य क्षेत्र र आर्थिक कारोबारमा प्राय पुरुष वर्गको निर्णायक भूमिका रहेको देखिन्छ । यसरी महिलाको दाँजोमा पुरुषको स्थान केही उच्च नै रहेको पाइन्छ । महिलाले आफू भन्दा ठूला पुरुष जसलाई आदर र सत्कार गर्नुपर्ने हो सो कुरामा पनि त्यति ध्यान दिएको देखिँदैन । यस मगर समुदायमा आर्थिक कारोबारमा पुरुषहरु बढि मात्रामा समलग्न रहेको पाइयो । तर पुरुषहरु विदेश जाने तथा अन्य नोकरी कार्य गर्न बाहिर रहेका एकल परिवार भित्र चाही हरेक कार्यको निर्णय महिलाले गरेका पाइयो । अध्ययन गरिएको यस मगर समाजमा महिलाको राजनितिक पहुँच पनि त्यति देखिदैन । तर पहिलाको तुलनामा चाही अहिले छोरीहरुको स्कुल जानेको संख्या बढेको पाइयो । तर शिक्षामा पनि पुरुषहरु भन्दा महिला पछाडी रहेको पाइन्छ । घर परिवार सामाजिक कृयाकलापमा पनि महिलाको संलग्नता र निर्णय अधिकार त्यति भएको पाइदैन । अहिले त्यसमा पनि सुधार र परिवर्तन देखा परेको पाइन्छ ।

परम्परागत रुपमा नेपालको चलन पैत्रिक सम्पत्तिमा विशेषगरी छोराहरुको हक लाग्ने गर्दछ । त्यस्तैगरी कानुनले पनि पुरुषलाई बढी हक र अधिकार दिएको थियो । पहिला बावुको नामबाट मात्र छोराछोरीले नागरिकता पाउने प्रावधान थियो भने अहिले संविधान सभाले आमाको नामबाट पनि नागरिता पाउने प्रावधान बनाउनुको साथै पैत्रिक सम्पत्तिमा महिलाले पनि हक प्राप्त गर्ने नियम बनाएको छ ।

**तालिका नं. ११ : महिलाको निर्णय अधिकार**

| क.सं. | निर्णय अधिकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाल बच्चा शिक्षा | ९ | १८% |
| २ | बच्चा जन्माउने | १० | २०% |
| ३ | घर निर्माण गर्ने | ६ | १२% |
| ४ | घरको आवश्यक सामान खरिद गर्ने | ८ | १६% |
| ५ | चाडपर्व कसरी मनाउने | १० | २०% |
| ६ | खेतीपाति लगाउने | ७ | १४% |
| जम्मा | | ५० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७५

## ४.३.३ महिलाको सामुदायिक सहभागिता वृद्धि

पहिले महिलाहरु धेरैजसो घरभित्रका काम र कृषि क्षेत्रका काममा मात्र सहभागी हुने गरेका थिए । सार्वजनिक सहभागिता र नेतृत्वलाई सहज बनाउका निम्ति चाहिने शिक्षा नै महिलाहरु प्राप्त गरेका थिएनन् । घरायसी काम र कृषि पेशा बाहेकका काममा लाग्न प्रोत्साहन गर्ने, सशक्तीकरण गर्ने त्यस्ता संस्था र सञ्चारमाध्यममा त्यहाँका महिलाको पहुँच थिएन ।

समयको गति सँगै छापका मगर महिलाहरुमा पनि चेतनाको चासो बढेर आएको छ । उनीहरु पहिलेको स्थतिमा रहेको अवस्था छैन । समयको परिवर्तन सँगै धेरै कुराको परिवर्तन भएको पाइन्छ । त्यहाँका महिलाहरुको चेतनास्तरमा ठूलो परिवर्तन भएको छ । अपौचारिक र अनौपचारिक शिक्षामा महिलाहरु धेरै अगाडी बढी सकेका छन् । कृषि पेशा छोडी विभिन्न गैरकृषि पेशाहरु जस्तैः जागिर, मजदुरी, व्यवसाय, व्यापार, सिलाई बुनाई, घरायसी काम उच्च शिक्षा सम्म हासिल गर्नुका साथै अन्य सिपमूलक तालिममा पनि सहभागी भएको पाइन्छ । त्यसका साथै महिलाहरु अहिले आमा समूह, सहकारी संस्था समूह तथा क्लबमा समलग्न भएका छन् । शिक्षा तथा सञ्चार माध्यमले महिलाको नेतृत्वदायी क्षमतामा ठूलो भूमिका खेलेका छन् । परम्परागत मूल्य मान्यताको समाजमा ठूलो भूमिका खेलेका छन् । परम्परागत मूल्य मान्यताको समाजमा परिवारमा कडा नियमको कमि हुँदै

गएको छ । त्यसका साथै समाजमा हुने धेरैजसो सामाजिक कृयाकलापमा महिलाहरुको सहभागी गराउने मान्यताको विकास भएको छ । २०६२/०६३ सालमा भएको राजनीतिक परिवर्तन पछि त सरकारी तहबाट नै सार्वजनिक क्षेत्रमा महिलाको कम्तीमा ३३ प्रतिशत उपस्थिति गराउनु पर्ने नीति अगाडी सारिएको छ । जसबाट महिलाको सामूदायिक सहभागितामा सार्वजनिक सहभागितामा वृद्धि भएको छ । नेतृत्व क्षमतामा वृद्धि भएको छ र सामाजिक सम्बन्धमा विस्तार भएको छ । समाजले महिलाहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छ ।

## ४.३.४ महिला पुरुषको सम्बन्ध

समाज दिनप्रतिदिन परिवर्तन हुँदै आइरहेको छ । समयको परिवर्तनसँगै समाजका हरेक इकाई तथा व्यक्ति बिच हुने सम्बन्धमा पनि परिवर्तन आएको छ । पहिले मगर समाजमा महिला र पुरुष बिचको सम्बन्ध केही कठोरपन थियो । तर अहिले आएर सो सम्बन्ध खुकुलो भएको छ । यस समाजमा पितृसत्तात्मक निर्णय हावी भए तापनि समयको परिवर्तनसँगै महिला पुरुष बिचको सम्बन्धमा परिवर्तन आएको छ । अहिले महिलाहरु घर बाहिरको कार्यमा समलग्न हुने गरेको पाइन्छ । केही शिक्षित महिलाहरु स्थानिय समाज तथा घरपरिवारभित्र पुरुषको नै हरेक कुरामा निर्णय तथा बोलवाला हुने गर्दथ्यो भने अहिलेको अवस्थामा महिलाहरुले पनि परिवारमा आफ्नो आवाज राख्ने अवसर प्राप्त गरेका छन् ।

यो अनुसन्धान गर्नेक्रममा मगर जातिको सामाजिक अवस्थामा आएको परिवर्तनको कारणहरुको खोजी गर्ने प्रयत्न गरिएको छ । यस जातिमा के कारणले गर्दा परिवर्तन आएको हो परिवर्तन आउनुको पछाडी मुख्य रुपमा कस्तो पक्षले भूमिका खेलेको छ आदि बारे जानकारी हुन जरुरी छ । चाँगुनारायण नगरपालिका वडा नं. ४ छापका मगर जातिमा सामाजिक परिवर्तनहुनमा  नेपाल सरकारको निती, आधुनिकीकरण, विकास, वाणिज्यवाद, सामाजिक सांस्कृतिक प्रकृया रहेका छन् । २०६२/०६३ पछिको समयावधिलाई मात्र हेर्ने हो भने पनि छापका मगरहरु समुदायमा निकै परिवर्तन भएको पाइयो । पेशामा परिवर्तन आउनुका साथै उत्पादन सम्बन्ध नै परिवर्तन भएको छ । पहिले गाउँका मानिसहरु अधिकांश कृषी, मजदुरी, र महिलाहरु जाँड रक्सी बनाइ बेचविखन गर्नुका साथै अन्य व्यक्तीको खेत कमाउने कार्य पनि गर्दथे । उनीहरुका अधिकांश आवश्यकताहरु त्यहाँको

कृषी उत्पादनले धानेको थियो । पहिला त्यहाँका व्यक्तीहरुले ३४% कृषी र पशुपालका कार्यमा रहेका थिए भने अहिले कृर्षी पेशा अवलम्बन गर्नेहरु १४ प्रतिशत र पशुपालन गर्नेहरु १२% घरपरिवार रहेको पाइन्छ । बाँकी अरु सबैले गैर कृषी पेशा अवलम्बन गरेका छन् । जसका निम्ती उनिहरु आफ्नो गाउँ क्षेत्र भन्दा टाढा तथा बैदेशिक रोजगार गएका छन् । नयाँ समाजमा नयाँ सदस्यहरुसँग परिचित हुदै गएका छन् । नयाँ पुस्ता र झन्-झन् राष्ट्रीय-अन्तराष्ट्रिय सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक संस्थाहरुबारे परिचित हुदै गएका छन् । यो खालको सम्बन्धको विकास पछिल्लो समयमा समयको माग बन्दै गएको छ । विभिन्न सञ्चार माध्यमहरु टेलिभिजन, रेडियो, पत्रपत्रिका इन्टरनेट मार्फत त झन नयाँ पुस्ताले संसारभर सम्बन्ध स्थापित गर्न थालेका छन् । यसरी समग्रमा हेर्दा मगर जातिमा सामाजिक परिवर्तन आउनुका कारणहरुमा अठारौ शताब्दीदेखि विसौ शताब्दीसम्म युरोप र अमेरिकामा विकास भएको आधुनिकता विस्तारै विज्ञान र प्रविधिसँगै नेपाल भित्रिनु नै मगर समाजमा सामाजिक परिवर्तनको कारणहरु रहेका छन् । परम्परागत कृषि व्यवसाय एवम पुर्खौली व्यवसायहरुलाइ क्रमश बजारीकरण गर्दै लैजानु, सामाजिक परम्परागत मूल्य र मान्यताहरुलाई व्यापार मुखी आँखाले नियाल्नु र आजको समाज पुँजीवादी व्यवस्थाको दुश्चक्रमा पर्नु नै मगरहरको सामाजिक परिवर्तनको कारण रहेको छ । आधुनिकताका स्वरुपहरुमा पहिले औपनिवेशिकवाद र त्यसपछि गएर समसामयिक भुमण्डलीकरणको कारण संसार भर फैलिँदै गएको पश्चिमेली आधुनिकता एवम शैलीहरु र नेपालको आजको राजनैतिक, आर्थिक र साँस्कृतिक स्वरुप र शैलीहरु एक आपसमा मिस्सिए जसले गर्दा मगरहरुमा परिवर्तनका संकेतहरु देखा परे । सहरीकरणको तीब्र विकास भएर उद्योगर व्यापारको विकास हुँदै गएको कारण मगरहरुका आफ्ना पुर्ख्योली पेशा वा व्यवसायहरु धरासायी हुन पुगे जसले गर्दा छापका मगरहरुले पनि आफ्नो पुर्ख्योली पेशा व्यवसाय छाड्दै अन्य आयातित पेशा व्यवसाय गर्न थाले । फलस्वरुप मगरजातिमा सामाजिक परिवर्तन आयो ।

## ४.४ मगरजातिको सामाजिक अवस्थामा परिवर्तन आउनुको कारण

वर्तमान समयमा मगरहरुले आफ्नो परम्परा अँगाल्न छोडिरेको देख्न सकिन्छ । यसो हुनुको कारण के हो भनी सोद्दा पुराना परम्परालाई मान्दै जाने हो भने घरका कामकाज लगायत अन्य कामहरु गर्न भ्याईंदैन र खर्च पनि पुऱ्याउन सकिँदैन त्यसैले सजिलोको लागि कतिपय पूराना रीति परम्परालाई अँगाल्न सकिएको छैन । यी जातिको संस्कृतिमा विभिन्न

कारणले गर्दा परिवर्तन भईरहेका छन् । जसमा आन्तरिक तथा वाह्य करणहरु पनि जिम्मेवार रहेका छन् । यी जातिको सामाजिक अवस्था परिवर्तन ल्याउने केही कारणहरु निम्न छन् ।

### ४.४.१ बसाईसराई

मगर जातिको गाउँ नजिकका अन्य विभिन्न जातजाति तथा बसाई सेर आउने क्रम बढेर गयो भने त्यहाँका थोरै भए पनि मगरहरु पनि बसाई सरेर गए जसले गर्दा यी जातिको छेउछाउमा भएको ऐलानी जग्गा पनि साँघुरो भएर गयो । यी जातिहरुले आफ्ना परम्परा अनुसार मगरहरुको पहिचान दिने घरहरु वनाउथे तर अन्यजातिको बसाईसराईले गर्दा आजकल यी जातिले अन्य जातिभ्कै घर बनाउने गर्दछन् । बसाईसराईले गर्दा यी जातिको भन्दा हिन्दु धर्म मान्ने अन्य जातिको संख्या बढी भएको हुनाले थारु जातिको आफ्नो पहिचान दिने देवथानहरु अहिले आएर हिन्दुकरण भएको छ । बसाईसराईले विभिन्न जातजातिसँग सम्पर्क हुनाले यी मगर जातिले आफ्नो भाषा भन्दा नेपाली भाषाको प्रयोग धेरै मात्रामा गर्ने भए भने नयाँ पुस्ताले त आफ्नो भाषा नजानेर नेपाली भाषा नै अँगिकार गरेको पाइन्छ । यी जातिको मात्र बसोवास भएको ठाउँमा अन्य जाति तथा जनजातीको बसाईसराईले गर्दा मगर जातिको परम्परा परिवर्तन भएको छ ।,

### ४.४.२ अन्य जातिको देखासिकी

मगर जातिको आफ्नै परम्परा अनुसारको अन्य जातिको भन्दा भिन्दै किमिसको संस्कार हुने गर्दथ्यो तर आजकाल अन्य जातिको देखासिकीले गर्दा जन्म संस्कारमा केही नगर्ने यी जातिले आजकाल जन्मिसकेपछि न्वारान, छैठी, पास्नि तथा बाहुन बोलाएर शुद्धिकरण तथा नामाकरण गर्ने गर्दछन् । थारु परम्परा अनुसार नाम राख्ने यी जातिले आजकाल शतप्रतिशतले पहाडी जाति जस्तै गरी नाम राख्ने गर्दछन् । त्यस्तै यी जातिमा आफ्नै परम्परा अनुसार विवाह हुने गर्दथ्यो तर आफ्नो परम्परालाई छोडी अन्य जातिले भ्कैँ रातो साडी तथा सिन्दुर राखेर विवाह गर्ने गर्दछन् । मगर पहिचान दिने पोशाक तथा गरगहना लगाउने छाडेर अन्य जातिले भ्कैं पोशाक तथा गरगहना लगाउन थालेका छन् । त्यस्तै मगर परम्परा अनुसार नमान्ने चाडपर्व आजकाल अन्य जातिको देखासिकीले गर्दा अन्य जातिले भ्कैं मान्ने तथा चाडपर्व अनुसार नाचगान गर्न छाड्दै गएका छन् र अन्य भाषाका गीतमा नाच्न थालेका छन् । त्यस्तै मगर पहिचान दिने घर बनाउन छाडेर अन्य जातिले बनाएको घर जस्तै बनाउँछन् । त्यसैगरी अन्य जातिको देखासिकी

अनुसार आफ्नो छोराछोरीलाई पनि पढाउनु पर्छ भन्ने भावनाको विकास भएको छ । अन्य जातिको देखासिकीले गर्दा मगर जातिको सामाजिक अवस्थामा परिवर्तन हुँदै गइरहेको छ ।

### ४.४.३ परसंस्कृतिकरण

मगर जातिको छुट्टै आफ्नै जन्म संस्कार भएपनि जन्म संस्कारमा त्यस्तो कुनै संस्कार नगर्ने त्यसको सट्टामा न्वारन, छैठी, पास्नी गर्दछन् । मगर शैली अनुसार ब्राम्हण क्षेत्रीको भन्दा फरक किसिमले विवाह हुने मगरहरुले आजकल उनीहरुल झैं रातो साडी, टिका, सिन्दुर पोते लगाएर विाह गर्ने गर्दछन् । मगर जातिको संस्कृति झल्कने पोशाक तथा गहना लगाउन छाडी अन्य जातिले झैं बजारमा पोशाक तथा गहना लगाउने गर्दछन् । मगर संस्कार अनुसार मात्र मान्ने चाडपर्व आजकाल अन्य जातिले माने अुनसार पनि मनाउने गर्दछन् र चाडपर्व अुनसारका नाचगानमा पनि कमी आएको छ र अन्य जातिको सरह नाँचगान गर्न आकर्षित भएका छन् । त्यस्तै मगर परम्पराको पूजापाठमा ब्राम्हण क्षेत्रीको प्रभाव परेको देखिन्छ । जस्तैः मगर महिलाहरु आजकल घरमै विभिन्न भगवानहरुका फोटाहरु राखेर पूजा गर्न थालेका छन् । आफैले सिलाएको लगाउने, आफैले हलो बनाउने, रक्सि पार्ने, जाँड बनाउने, औषधिहरु बनाउने र अन्य कलात्मक वस्तुहरु बनाई प्रयोग गर्ने मगर जातिले बजारमा आएका आधुनिक वस्तुहरुको प्रयोग गर्दै आफुमा भएको कला र सीपलाई हराउँदै गईरहेका छन् । त्यसैले परसंस्कृतिकरणले गर्दा यी जातिको सामाजिक अवस्थामा पनि परिवर्तन आएको छ ।

### ४.४.४ शिक्षा

पहिले यी जातिमा पढ्ने संस्कार नभएको, जेन तेन एसएससी गरेर लाहुने हुने प्रवृत्ति रहेकोमा आजकाल अन्य जातिको प्रभाव वा आधुनिकीकरण वा ग्लोवलाइजेसनल होला पढाइप्रति अलि धेरै झुकाव देख्न सकिन्छ । यही शिक्षाको कारणले गर्दा अन्य जातिले जस्तो गरी ब्राम्हण बोलाएर बुझ्न् सजिलो हुने र सुन्दा राम्रो सुनिने किसिमको नाम राख्ने गर्दछन् भने पास्नीको परम्परा नै नभएको मगर समाजमा आजकाल थोरैले भए पनि बच्चाबच्चीको ५ या ६ महिनामा पास्नी गरेको देखिन्छ । जसले गर्दा बच्चाले समयमै खान खान पाउँदछ भने सानो उमेरमै विवाह गर्ने मगरहरुले आजकाल उमेर पुगेपछि मात्र विवाह गर्नु पर्छ भन्ने सोचको विकास भएको छ । यस्तै यी जातिले आजकाल घर बनाउँदा खुला तथा झ्याल भएको अन्य जातिले झै घर बनाउने गर्दछन् । जसले गर्दा स्वास्थ्यमा सुधार भएको देखिन्छ । त्यस्तै आफ्ना छोराछोरीलाई पढाउन थालेका छन् । यी सवै हुनुमा शिक्षाको

प्रसारले गर्दा ज्ञानको विकास सँगै सकारात्मक परिवर्तन भईरहेका छन् । यसरी यी जातिको संस्कृतिमा सकारात्मक परिवर्तनहरु भइरहेको देख्न सकिन्छ ।

### ४.४.५ शहरीकरण तथा औद्योगिकरण

बजारको विस्तार तथा उद्योगको स्थापनाले गर्दा काम गर्ने अवसर पाउँछन् जसले गर्दा आर्थिक आम्दानी हुनाले मगर जातिले आफ्नो घरमा चाहिने प्राय जसो सामानहरु आफै बनाउने सीप र कला भएपनि बजारमा सस्ता राम्रा प्लाष्टिकका सामान पाईने हुनाले आफूसँग भएको कला र सीपमा कमी ल्याई बजारमा सामान प्रयोग गरिरहेका छन् । जसले गर्दा यी जातिको घरायसी सामान बनाउने सीप र कलाको ह्रास भएको छ भने बजारमा पाईने विविध खालका पोशाक तथा गरगहानाले गर्दा यी जातिले आफ्नो परम्परागत पोशाक गरगहना लगाउन पनि छोडिसकेको छन् र यी सवै लोपोन्मुख अवस्थामा परेको छ भने यो उनीहरुको नकारात्मक पक्ष हो । यसरी नजिक बजार तथा औद्योगिकरणको विकास मगर जातिको संस्कृतिमा परिवर्तन भएको छ ।

### ४.४.६ प्रसार

संचार, यातायात, शिक्षा लगायत अन्य प्रविधिको विकासले मगर जातिको पर्व तथा अन्य अवसरमा मगर परम्पराका नाँचगानको ठाउँ आजकल नेपाली तथा हिन्दीमा नाचगान गर्न आकर्षित भएका छन् भने मगर पोशाक तथा गहना लगाउन छाडेर अन्य जातिको झैं पोशाक तथा गहना लगाउने गर्दछन् र चाडपर्व तथा अन्य जातिले मनाए झैं मनाउन थालेका छन् । त्यस्तै विवाह गर्दा आफ्नो परम्परागत डोली बनाउन छाडेर गाडीको प्रयोग गर्ने गर्दछन् । यसरी प्रसारले गर्दा  मगर जातिको सामाजिक अवस्थामा परिवर्तन आएको छ ।

### ४.४.७ आत्मसातकरण

आत्मसात्करणले गर्दा मगर जातिको सामाजिक अवस्थामा परिवर्तन भएको देखिन्छ । जसमा यी जातिले आजकाल आफ्नो पहिचान गराउने पोशाक (लुंगी, मखमली चोलो, घलेक, भाग्रा, कछाड, भोटो, इष्टकोट, कालोटोपी आदि ) लगाउन छाडेर अन्य जातिले झैं बजारमा प्रशस्त पाईने विभिन्न थरिका पोशाकहरु लगाउने गर्दछन् । त्यस्तै तिनीहरुले लगाउने गरगहनाहरु (ढुङ्ग्री, मुन्द्री, मडाउरी, जन्तर, पैसाको माला, नौगेडी आदि) लगाउन छाडेर बजारमा पाईने आधुनिक झुम्का लगायत अन्य जातिले प्रयोग गर्ने गहना लगाउन शुरु गरेका छन् । विवाह गर्दा पनि यी जातिले आजकाल अन्य जातिले

झैं रातो साडी, सिन्दुर, पोते तथा आफ्नो परम्परागत डोलि लिएर जन्त जानेमा गाडि लिएर जन्त गई अन्य जाति झैं विवाह गरेको देखिन्छ । नाचगानमा पनि मगर लोक नृत्य गर्न छाडी विभिन्न चाडपर्व अन्य जातिले झैं मनाउने र नेपाली तथा हिन्दी नाचगानको आत्मसात गरेको देखिन्छ । त्यस्तै व्यवहारमा यी जाति हिन्दू संस्कार भन्दा फरक जस्तो देखिए तापनि हिन्दूहरुको बाहुल्याताले गर्दा आफूहरु पनि हिन्दू भएको महशुस गर्दछन् । यसरी मगर जातिको संस्सकृतिमा आत्मसात्करणले उनीहरुको सामाजिक अवस्थामा परिवर्तन ल्याएको प्रष्ट हुन्छ

# अध्याय - पाँच

# साराशं, मुख्य सुझाव र निष्कर्ष

## ५.१ सारांश

भौगोलिक विविधताले परिपुर्ण नेपाल बहु-भाषिक, बहुसांस्कृतिक र बहुजातिय समाजको पनि परिचित छ । क्षेत्रफलको हिसावले नेपाल सानो र गरिब राष्ट्र भएतापनि जातजाति, धर्म, संस्कृति, भाषा, भेषभूषाको दृष्टिले ठूलो र धनि देश मानिन्छ । नेपालमा प्राचिनकालदेखि नै विभीन्न जातजातिको बसोबास रहदै आएको कुरा हामी इतिहासको अध्ययनबाट थाहा पाउँछौ । वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाले १२५ जातजातिको बसोबास रहेको तथ्य प्रकाशमा ल्याएको छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजाति र समूदाय मध्ये मगर जाति पनि एक हो । नेपालका अन्य जातिहरु जस्तै मगर जातिले पनि आफ्नो छुट्टै मूल्य, मान्यता, धर्म, संस्कृति र परम्परागत पेशा अगाल्दै आएका थिए तर समयको परिवर्तनसँगै आज आधुनिकीकरण, विश्वव्यापीकरण, पश्चिमीकरण, शिक्षा, प्रविधी, सुचना तथा सञ्चार माध्यम, बदलिदो सामाजिक मूल्य मान्यता र अन्यजातिसँगको सामाजिक अन्तरसम्बन्धको कारण मगर जातिको परम्परागत सामाजिक सांस्कृतिक, मुल्य मान्यता, परम्पराहरुमा परिवर्तन भएको छ । समयको परिवर्तनसँगै आधुनिकताको नाममा विभिन्न किसिमका सँस्कृतिहरु अनुकरण र अवलम्न गर्नु, अन्य जातिहरुको सिको गर्नु, पश्चिमेली आधुनिकता विदेश जाने लाहुरे परम्पराले गर्दा वेलायत, सिंगापुर जस्ता विकसित देशहरुमा भए गरेका सामाजिक मुल्य र मान्यताहरुलाई अँगाल्नु, नयाँ पुस्ताका केटाकेटीहरुलाई पढ्नु पर्दछ, पुराना रुढीवादी परम्पराहरु त्यागदै नयाँ सामाजिक मूल्य र मान्यताहरुलाई अँगाल्नु पर्दछ भन्ने शिक्षा दिक्षा दिनु उनीहरुमा आएको आधुनिकीकरणको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ । विज्ञान र प्रविधिले गर्दा आज विश्वको जुनै कुनामा घटेको घट्नाहरुलाई पनि क्षणभरमै जान्न, सुन्न र देख्न सक्ने भएको हुनाले आजको विश्व एउटा गाउँमा रुपान्तरित भएको छ ।

सामाजिक परिवर्तन र आधुनिकता बीच पनि त्यस्तै अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । सामाजिक परिवर्तन एवम रुपान्तरणको अवस्था र प्रक्रियाले आधुनिकताको तह

निर्धारण हुन्छ । आधुनिकताको उदभव यहाँको मगर समाजमा पनि भएको पाइन्छ । त्यसैले यहाँका मगरहरुले अलौकिक र इश्वर केन्द्रित नभई लौकिक मानवकेन्द्रित भएको तथ्य अध्ययन क्षेत्रमा पाइयो । खासगरी आधुनिकताले गर्दा यहाँका मगरजातिहरु इश्वरीय उपस्थिति, अलौकिक शक्तिमाथिको विश्वास एवम भाग्यवादा जस्ता परम्परागत मानयताहरुलाई त्याग्दै मानवको वौद्धिक एवम तार्किक क्षमतालाई उनीहरुले जीवनको मूल आधार र विकासको सेतु बनाएको पाइन्छ ।

पानी र माटोलाई नै जीविकाको मूल्य आधार मान्दै आएका मगर जातिको परम्परागत पेशा कृषि, ज्यालामजदुरी र जाँड रक्सी बनाउने कार्य हो । तर आजभोलिको बदलिदो परिस्थितिले गर्दा उनिहरुले पेशा परम्परागत पेशालाई छोड्दै नयाँ बैकल्पिक पेशा अपनाएको पाइन्छ । जसले गर्दा उनिहरुको गुजार गर्न तथा आर्थिक रुपमा पनि परिवर्तन आएको छ ।

मगर जातिको आफ्नो छुट्टै पहिचान बोकेको जाति भएतापनि यस जातिको विभिन्न सामाजिक संस्थामा परिवर्तन आएको पाईन्छ । विशेष गरी २०६२/०६३ को आन्दोलन पश्चात देशमा एक प्रकारको राजनीतिक एवम जातीय चेतनाको बृद्धि भयो र नेपाल सरकारले आदिवासी जनजातिहरुलाई सरकारी जागिरमा कोटा प्रणाली छुट्याए पश्चात उनीहरुले आफ्नो खास नाम लेख्नु पुगेको साथै यसै गरी मगरहरुले थापामगर लेख्ने हो भने मगरहरुको जातीय पहिचान मगरबाट थापा हुने डरले पनि उनीहरुले अव आफ्नो मुख्य थर नै लेख्नु पर्दछ भन्ने चेतनाको कारण थापा मगरको सट्टामा मगर नै लेख्ने गरेको पाइयो ।

विकासलाई सकारात्मक परिवर्तनको सामान्य प्रक्रियाको रुपमा स्वीकार गरिए पनि यो निरपेक्ष अवधारणा भने होइन । किनकि विकासलाई विभिन्न क्षेत्र तथा विधाहरुमा फरक फरक तरिकाबाट बुझ्ने र विलेषण गर्ने गरिन्छ । अर्थशास्त्रहरुका अनुसार आर्थिक विकास नै विकासको त्यस्तो आधारभूत सूचक हो जसका माध्यमबाट किवासको मापन सहजरुपमा गर्न सकिन्छ । मगर जातिहरु पहिला बढी मात्रामा कृषि र जाँड रक्सी बनाउने कार्यका लागी समय दिन्थे जसले गर्दा उनीहरुको आय स्तर निकै कम साथै सधैं भरि उब्जाउ भएको अन्न जाँड रक्सीमा सक्ने हुँदा अनाजको समस्या भएको हुँदा अहिले आएर उनीहरुले सो कुरा बुझी अहिले आएर पहिलेको तुलनामा जाँड रक्सी नबनाउने यदि बनाए भने पनि आफ्ना सामाजिक र साँस्कृतिक चाडपर्वहरुको लागि मात्रै बनाउने । जाँड रक्सीलाई नै

आए आर्जनको बाटो नबनाएर अहिले आएर अन्य विविध वैकल्पीक पेशा गरेको पाइन्छ । यस जातिमा समयको परिवर्तनसँगै शिक्षा, धर्म, विवाह, पेशा र आर्थीक अवस्थामा परिवर्तन भएको देखीन्छ ।

यस क्षेत्रमा समयको परिवर्तनसँगै जमिनको स्वामित्व केही घरपरिवारमा घटेको छ भने केही परिवारमा बढेको पाइयो । पशुपालनको सर्न्दमा भैंसी, वाखा तथा रक्सी बनाउने कार्य गर्ने व्यक्तीहरुको संख्या घटेको पाइयो । व्यक्तीहरु अन्य वैकल्पीक पेशाहरु अपनाएको पाइयो । जस्तै : सेवा, प्रहरी विदेशी रोजगारी र औद्योगिक मजदुर तथा ज्याला मजदुरी गर्ने व्यक्तीहरुको संख्या दिन प्रतिदिन बढेर गइरहेको पाइन्छ ।

पहिलाको तुलनामा यस क्षेत्रमा शैक्षिक जनस्तरको संख्या बढ्दै गएको पाइयो । अहिले जहाँका मानिसहरुमा बचत गर्ने भावनाको विकास भएको छ । कुनै न कुनै व्यक्ति, समुह तथा सहकारीमा आवद्ध रहेको पाइयो । यस जातिमा पहिलाको तुलनामा धेरै सामाजिक विकास भएको पाइन्छ । यस समूदायमा महिलालाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको पाइन्छ । पहिलाको तुलनामा अहिले महिलालाई केही अधिकार दिएको तथा घरपरिवार तथा समूदायमा सम्मानको रुपमा नै हेरेको पाइन्छ ।

समाजमा विविध कुराहरुमा परिवर्तन आएको पाइन्छ । पहिलाको तुलनामा छुवाछुतमा कमि नातेदारी तथा आफन्तसँग आउजाउमा कमि आएको छ । त्यस समाज अन्य जातिसँग पनि सम्वन्ध बढाएको तथा केही मात्रामा अन्तरजातिय विवाह भएको पाइयो ।

अहिले फुर्सदको समयमा यहाँका मानिसहरुको टि.भी हेर्ने तथा अन्य केही न केही कार्य गर्ने गर्दा रहेछन् । समाजमा अहिले आफ्नो जिवनशैलीलाई नयाँ रुपमा प्रस्तुत गरेका छन् । विभिन्न प्राविधिक उपकरणको उपयोग गर्ने, नयाँ पुस्ता त झन् झन् राष्ट्रिय, अन्तराष्ट्रिय, सामाजिक, सांस्कृतिक, आर्थीक, शैक्षिक, राजनैतिक संस्थाहरुवारे परिचित हुँदै गएका छन् । यो खालको सम्वन्धको विकास, पछिल्लो समयमा समयको माग बन्दै गएको छ । पहिलाको तुलनामा छुवाछुतमा पनि कमि आएको छ । आफन्त वा नातेदारीसँग आउजाउको सम्बन्धमा पहिलाको तुलनामा कमि आएको छ किनकी पहिला आफन्तलाई

भेट्न चाडपर्वमा अन्य कार्यका लागि घरमा नै जानु पर्दथ्यो भने अहिले फोन मार्फत् भन्ने गरेको पाइन्छ ।

समयको अन्तरालसँगै समाजमा नयाँ किसिमको सामाजिक सम्वन्ध कायम भएको छ । व्यक्तीहरु समाजमा नयाँ-नयाँ तरीकाहरु अपनाउने प्रवृत्तिमा विकास भएको छ । समाजमा एक जातिले अर्को जातिलाई हेर्ने तथा व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ।

## ५.२ निष्कर्ष

समाज परिवर्तनशिल छ । समयको परिवर्तनसँगै समाजमा रहेका हरेक अंगहरु तथा संस्थाहरुमा परिवर्तन हुदै आएको छ । समाजमा रहेका हरेक जात जातिको आफ्नै पेशा तथा परम्परागत संस्कार र सामाजिक मूल्य र मान्यता रहेका छन् । त्यस्ता संस्थाहरुमा समयको परिवर्तनसँगै परिवर्तन हुदै आएको पाइन्छ । उत्पादन व्यवस्थापनमा आउने परिवर्तन सँगै समाजका हरेक अंगहरुमा change आउँछ ।

मगर जातिहरुको आफ्नै प्रकारका परम्परागत पेशा (कृषि, पशुपालन, जाँडसरक्सी बनाउने कार्य) तथा सामाजिक संस्कारहरु मान्दै आएता पनि शहरीकरण, आधुनिकीकरण, औद्योगिकरण विश्वव्यापीकरण, शिक्षा, धर्म, पेशा परिवर्तन, सुचना सञ्चार प्रविधि र अन्य जातिहरुसँगको घुलमिलबाट सम्पर्कबाट उनिहरुको सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तन आएको पाइन्छ ।

साथै अहिलेको अवस्थासम्म आइपुग्दा उनिहरु कृषि र जाँडरक्सी बनाउने कार्यमा मात्र सिमीत नरही वैकल्पिक पेशा, व्यापार, व्यवसाय, वैदेशिक रोजगार नेपाली सेना, नेपाल प्रहरी तथा अन्य क्षेत्रमा आवद्ध रहेको पाइन्छ । जसले गर्दा उनिहरुको परम्परागत कार्य हराउँदै गएको छ । साथै अन्य जातिसँगको घुलमीलबाट आफ्नो संस्कारहरुलाई विस्तारै विर्सन गई आजभोली अरुकै नक्कल गर्ने बानीले गर्दा आफ्नो संस्कार संस्कृति र परम्परागत परिवर्तन आएको छ । पहिलेको तुलनामा अहिले समाजमा धेरै कुराको परिवर्तन आएको पाइन्छ । यी कुराहरुमा परिवर्तन हुनुमा मुख्य तया बसाइ सराइ, अन्य जातिको देखासिकि,

परस.स्कृति करण, शिक्षा, सहरीकरण, औद्योगिकीकरण, प्रचारप्रसार र आत्मसातकरण मुख्य रुपमा रहेका छन् ।

## सन्दर्भग्रन्थ सूची


खत्री, मानबहादुर (१९९५), **एडप्टिभ सिस्टम अफ द मगर पिपलः एन एत्थो–इकोलोजिकल केश स्टडी अफ अर्गल भी.डी.सी. बाग्लुङ डिष्ट्रिक्ट,** सि.डी.एस./ए. टि.यू., कीर्तिपुर, १९९५ ।

गदाल, निर्मल (२००२), **डेभलपमेन्ट इन्टरभेन्सन एण्ड मार्जिनालाइजेसन : एक केस स्टडि अफ कुमाल्स अफ त्रिशुली नुवाकोट, डिष्ट्रिक्ट, नेपाल,** सि.डि.एस./ए. पि.एम.सी, टि.यू, २००२ ।

तामाङ्ग, सीताराम (२०४९), **नेपालमा जनजाति समस्याको समाधान,** काठमाडौंः जनसाहित्य प्रकाशन केन्द्र ।

बुढामगर, हर्षबहादुर, (२०४९), **किराँत वंश र मगरहरु,** ललितपुर : श्रीमती उन्नती बोहरा ।

**भक्तपुर जिल्लाको पार्श्वचित्र, (२०७२)** जिल्ला विकास समिति, भक्तपुर ।

मिश्र, चैतन्य (२०६२), ***पुँजीवाद र नेपाल,*** काठमाडौं : मूल्यांकन प्रकाशन गृह प्रा.लि. ।

वरालमगर, केशरजंग, (२०५०), **पाल्पा, तनहुँ र स्याङजाका मगरहरुको संस्कृति**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

विष्ट, डोरबहादुर (१९६७), **पिपल अफ नेपाल**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

विष्ट, डोरवहादुरः **सबैजातको फुलबारी,** काठमाडौं : साझा प्रकाशन ।

शर्मा, कमल राज (१९९५) **फाम म्यानेजम्यान्ट सिस्टम अफ द मगर कम्युनिटी एन इकोलोजिकल केस स्टडी अफ मित्याल भी.डी.सी., पाल्पा डिष्ट्रिक्ट**, एम.ए. डिजर्टेसन, सी.डी.एस/ए, टि.यू., कीर्तिपुर, १९९५ ।

शर्मा, चन्द्रदत्त (१९९७), **सोसियो कलचरल चेन्ज अमोङ द मगर्सः अ सोसियो एन्थ्रोपोलोजिकल स्टडी अफ द मगर कास्ट अफ लहरेपिपल भी.डी.सी. बाग्लुङ्** डिष्ट्रिक्ट, एम.ए. डिजर्टेसन, डि.डि.एस./ए टि.यू, कीर्तिपुर, १९९७ ।

शर्मा, जनकलाल (२०३९), **हाम्रो समाज एक अध्ययन,** काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (२०५२), **नेपाली जनजीवन**, काठमाडौं : साझा प्रकाशन ।

श्रीस मगर, मीन (२०६६), **पश्चिमाञ्चल विकास क्षेत्रका मगर समुदायमा प्रचलित लोकगित नृत्यको बर्तमान अबस्था र चुनौतीहरु,** काठमाडौँ : मगर अध्ययन केन्द्र ।

श्रेष्ठ, राजु र साथीहरु (२०६९), *शिक्षक सेवा आयोग, माध्यमिक तह परीक्षा सहायक,* नयाँबजार, कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

हिच्चक, जोन टी, (१९७६), **स्प्रिट प्रोसेसन इन द नेपाल हिमालय**, न्यू दिल्ली: विकास पब्लिसिङ हाउस ।

Acharya, M. (1997). Non-Government Organizaiton (NGO ) Led Nepal. *Development Practices in Nepal*. Bhattachan, K.B. and Mishara Chaitanya (eds.) Central Department of Sociology and Anthropology, T.U., Kirtipur, Kathmandu, Nepal., Pp. 69-97.

Mishra, Chaitanya (1987). Development and Underdevelopment: A Prelimnary Sociological Perspective in Occasional Papers in Sociology and Anthropology Vol. 1 Fisher J. (ed.) Central Department of Sociology and Anthropology. T.U. Kirtipur, Kathmandu, Nepal.

Sztompak, P. (1993). *The Sociologial Change*. Oxford and Cambridge: Blackwell.

Bista, D.B. (2008_ Fatalism and Development: Nepal's Struggle for Modernization, New Deli: Orient Lngman Ltd. Pvt.

# परिशिष्ट क

## भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका  वडा नं. ४ छ्यपका मगर जातिको सामाजिक परिवर्तनको प्रकृया

### क) सामान्य जानकारी

उत्तरदताको नामः उमेर : लिङ्गः

गा.वि.स. वडाः टोल/वस्तीः

शिक्षा : पेशाः धर्मः

### ख) पारिवारिक विवरण

| नामः | घरमुलिसँगको सम्बन्ध | लिङ्ग | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| | | | | | |

### ग) पारिवारीक ढाँचा

१. तपाइँको परिवारमा कति जना सदस्य छन् ?

क) महिला ख) पुरुष ग जम्मा

२. परिवारमा कसको स्थान ठूलो हुन्छ ?

क) आमा ख) बाबु ग. हजुर वा हजुरआमा घ) अन्य

३. घर भित्रको निर्णय प्रकृया कसले गर्दछ ?

क) महिला ख) पुरुष ग) महिला र पुरुष दुवैले

४. पहिला कति पुस्तासँगै बस्नुहुन्थ्यो ?

क) १ पुस्ता ख) २ पुस्ता

५. पहिला कति जनाको एउटै भान्सा थियो ?

............................................................

६. तपाइँलाई ठूलो परिवारमा बस्न मन पर्छ कि सानो परिवारमा ? मन पर्नुको मुख्य कारण

..................................................................................................................

७. तपाइँ वा अन्य सदस्य संयुक्त परिवार टुक्रिनुको कारण ?

क शिक्षा ख ठूलो परिवार ग) जागिर/अवसर

घ. व्यवसायिक क्रियाकलाप ङ) स्रोतको अभाव च) अन्य

८. छुट्टिएर सबै जना यहि गाउँमा बस्नुभएको छ कि सरेर अन्यत्रै जानुभयो ?

क) यहि टोलमा छौं ख) बसाई सरेर अन्यत्रै गए ग) अन्य

९. तपाइँहरु यस गाउँमा कहिलेदेखि बस्दै आउनु भएको हो ?

क) १० वर्ष देखि ख) २० वर्षदेखि ग) ३० वर्षभन्दा पहिलादेखि

१०. तपाइँहरुको घर कस्तो किसिमको छ ?

क) झुपडी ख) कच्ची ग) पक्की

११. खाना के ले पकाउनु हुन्छ ?

क) दाउरा ख) मट्टितेल ग) ग्याँस घ) विद्युत ङ) हिटर

**घ) परिवारको आर्थिक अवस्थाबारे**

१. तपाइँको जग्गा जमिन कति रोपनी छ ? ..................

| विवरण | पहिले | अहिले |
|---|---|---|
| जग्गा (रोपनी, आना, पैसा, खेत, बारी, पाखो | | |
| घरको मुख्य आम्दानीको स्रोत के थियो ? | | |
| कसैको जमिन अधिँया कमाउनु भएको छ? (रोपनी, आना, खेत वा वारी | | |
| आफ्नो जमिन कमाउन दिनुभएको छ? दिएको भए कति दिनु भएको छ ? (रोपनी, खेत, बारी) | | |
| आफ्नो जमिनबाट उब्जेको अन्नले कति समय खान पुग्छ ? वा पुग्थ्यो ? | | |
| बढी भएकोलाई के गर्नुहुन्छ ? | | |

२. तपाइँको जमिनबाट उब्जेको अन्न कति महिना खान पुग्छ ?

क) ०-३ महिना  ख) ३-६ महिना

ग) ६-९ महिना  घ) ९-१२ महिना

३. तपाइँ जमिनमा कस्तो प्रकारको खेति गर्नुहुन्छ ?

क) धान  ख) मकै  ग) गहुँ  घ कोदो

ङ) आलु  च) अन्य

**पशुपालन**

| मुख्य पशुपालन | पहिले के थियो (संख्या) | अहिले के छ ? (संख्या) |
|---|---|---|
| भैंसी | | |
| गाई | | |
| कुखुरा | | |
| बाखा | | |
| सुँगुर | | |
| अन्य | | |

१. तपाइँको प्राथमिक पेशा के हो ?

............................................................

२. पहिला तपाइँले मुख्य पेशा के थियो ?

क) कृषि  ख) पशुपालन  ग) ज्याला मजदुरी  घ) जाँड रक्सी बनाउने

ङ) व्यापार  च) अन्य

३. अहिले तपाइँको मुख्य पेशा कुन हो ?

क) कृषि  ख) पशुपालन  ग) ज्याला मजदुरी  घ) व्यापार व्यवसाय

ङ) स्वदेशी रोजगार  च) वैदेशिक रोजगार  छ) जाँड रकसी ज) अन्य

५. तपाइँले आफ्नो पेशा परिवर्तन गर्नु भएको छ ?

क) छ  ख) छैन

६. तपाइँले पेशा परिवर्तन पछि के फाइदा प्राप्त गर्नुभएको छ?

क) परिवारको आम्दानी वृद्धि ख) सामाजिक अवस्थामा वृद्धि

ग) केही फाइदा भएको छैन घ) फाइदा भएको छ ङ) अन्य

७. पहिले आर्थिक रुपमा सबल हुनुहुन्थ्यो कि अहिले ?

क) पहिलो अ) अहिले

८. पुरानो जीवनशैली राम्रो लाग्छ कि अहिलेको ?

क) पुरानो ख) अहिलेको

९. छोराछोरीलाई पनि आफ्नो पेशा अँगाली दिए हुन्थ्यो भन्ने लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

१०. छरछिमेकमा परि आउँदा सघाउने चलन पहिले र अहिलेमा के फरक छ ?

क) पहिले थिएन ख) पहिले थियो

ग) अहिले पनि छ घ) अहिले छैन

११. अहिले तपाइँको परिवारको आर्थिक स्थिति

| आम्दानी/खर्च विवरण | पहिले | अहिले | जम्मा |
|---|---|---|---|
| मासिक आम्दानी रु. | | | |
| मासिक खर्च रु. | | | |
| मासिक/वार्षक वचन रु. | | | |

**ङ) लैङ्गिक सम्बन्ध**

१. परिवारमा महिलालाइ कस्तो व्यवहार गर्ने चलन छ ?

क) सम्मान गर्ने ख) हेप्ने ग) अन्य व्यवहार

२. तपाइँको परिवारमा छोरा छोरीबीच भेदभाव गर्ने चलन छ कि छैन ?

क) छ ख) छैन

३. समाजमा महिलाको स्थिति कस्तो रहेको छ ?

..........................................................................................

४. पैत्रिक सम्पत्तिमा महिलाको अधिकारबारे तपाइँको कस्तो धारणा रहेको छ ?

क) ठीक किन ? ...........................................................

ख) बेठिक किन ? .............................................................

५.तपाइँहरुमा के कस्तो विवाह प्रचलन छ ?

क) परम्परागत ख) आधुनिक, प्रेम विवाह

ग) दर्ता विवाह घ) अन्य

६. विवाहको निर्णय पहिला कसले गर्दथ्यो ?

क) बाबुआमा ख) आफन्त ग) आफै घ) अन्य व्यक्ति

७. विवाहको निर्णय अहिले कसले गर्दछ ?

क) बाबुआमा ख) आफन्त ग) आफै घ) अन्य व्यक्ति

**च) शैक्षिक गतिविधिसम्बन्धी**

१. तपाइँको शैक्षिक स्थिति कस्तो रहेको छ ?

क) निरक्षर ख) अनौपचारिक ग) प्रा.वि.

घ)नि.मा.वि. ङ) मा.वि. च) उच्च शिक्षा

छ) उच्च शिक्षाभन्दा माथि

२. यदि निरक्षर भए तपाइँले नपढनुको कारण के हो ?

क) चेतनाको कमि ख) कमजोर आर्थिक अवस्था

ग) घरायसी काम घ) भेदभाव ङ) थाहा छैन

३. यदि शिक्षित भए, तपाइँले पढ्नुको कारण के हो ?

.........................................................................

४. विचमा पढाई छोडेको भए तपाइँले पढाइ किन छोड्नु भएको हो ?

क) पारिवारिक समस्याले ख) परिवारले नपठाएको

ग) स्कुल टाढा भएकोले घ) विवाह भएर

ङ) पढाइको महत्व नबुझेर च) आफ्नै इच्छाले छ) अन्य

५. महिलाहरुलाई स्कुल/क्याम्पस पढाउँदा केही फाइदा हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

६. छोरीले भन्दा छोराले पढनु पार्दछ हो ?

क) हो ख) होइन

७. समाजका हुने शैक्षिक गतिविधिमा तपाइँको चासो कत्तिको छ?

क) धेरै नै छ ख) त्यति छैन ग) छैन

**विद्यालय जाने बालबालिका सम्बन्धी**

| विवरण | केटा | केटी |
|---|---|---|
| निजी विद्यलाय गाइरहेका | | |
| सरकारी विद्यालय गइरहेका | | |
| विद्यालय बिचैमा छोडेका | | |
| विद्यालय नै नगएका | | |

**छ) परिवर्तनले सामाजिक जीवनमा पारेको प्रभावबारे :**

१. तपाइँको परिवारमा पहिले मुख्य आर्थिक कारोबार/निर्णय कसले गर्थ्यो ?

क) सासु, ससुरा/बुबा, आमा　　ख) आफैले नै

ग) सबै भन्दा पढेलेखेको छोराछोरी　　घ) अन्य

२. अहिले परिवारमा मुख्य आर्थिक कारोबार/निर्णय कसले गर्नुहुन्छ ?

क) सासु, ससुरा/बुबा, आमा　　ख) आफैले नै

ग) सबै भन्दा पढेलेखेको छोराछोरी　　घ) अन्य

३. गाउँघर वा छिमेकीसँग पहिले बढी हेलमेल आउजाऊ हुन्थ्यो कि अहिले?

क) पहिले　　ख) अहिले　　ग) उस्तै हो जहिले पनि

४. पहिले खाली समय के गरेर बिताउनु हुन्थ्यो ?

क) सुतेर　　ख) छिमेकीसँग गफ गरेर

ग) फुर्सद नै हुदैनथ्यो　घ) अन्य

५. अहिले फुर्सदको समय के गरेर बिताउनु हुन्छ ?

क) टि.भि. हेरेर/रेडियो सुनेर　　ख) सुतेर

ग) बाहिर घुसम्न गएर　　घ) अन्य

६. पहिले जातिपाती छुवाछुत बढी मान्नुहुन्थ्यो कि अहिले ?

क) पहिले　　ख) अहिले

७. तपाइँको विचारमा पहिलेको तुलनामा यस गाउँमा कस्तो विकास भएको छ ?

क) सडक निर्माण　　ख) बजार वृद्धि ग) स्कुल तथा बोर्डिङ्ग स्कुलहरु वृद्धि

घ) भवन निर्माण　　ङ) कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण

८. पहिले आफन्त वा नातेदारसँग बढी आउजाऊ हुन्थ्यो कि अहिले

क) पहिले ख) अहिले

९. सामाजिक संघसंस्था वा सहकारीमा तपाइँका परिवारबाट कोही संलग्न हुनुभएको छ ?

क) छ ख) छैन

१०. भएको भए को को कुन कुन संस्था वा सहकारीमा संलग्न हुनुहुन्छ ?

.........................................................................

११. भएको भए को-को संलग्न हुनुहुन्थ्यो ?

.........................................................................

१२. तपाइँले प्रत्यक्ष अनुभव गरेका परिवर्तनहरु तपाइँको परिवारमा के के भए जस्तो लाग्छ?

...........................................................................................................

१३. तपाइँको जातिको समस्याहरु र त्यसका समाधानका उपायहरु के के होलान् ?

............................................................................................

१४. यदि सामाजिक रुपमा झै झगडा भएका समाधान कहाँबाट गर्नुहुन्छ ?

क) आपसी मेलमिलाप ख) वडा अध्यक्ष

ग) गा.वि.स. अध्यक्ष घ) जिल्ला प्रशासन

१५. मगर जातिको अन्य जातजातिहरुमा कुन कुन सँग सामाजिक सम्बन्ध रहेको छ?

क) ब्राम्हण ख) क्षेत्री ग. नेवार घ) अन्य

१६. विकास र परिवर्तनले तपाइँको जीवनशैलीमा के समस्या र चुनौति ल्याएको छ ?

क) छ ख) छैन

१७. यो प्रश्नोत्तर प्रति तपाइँको मनमा लागेको कुरा केही भन्नु छ कि ?

............................................................................................

समाप्त